# आदिवासी जनजाति महासंघ, जनजाति आन्दोलन र नागरिक खबरदारी

कैलाश राई

## पृष्ठभूमि

नेपालका आदिवासी जनजातिहरू पृथ्वीनारायण शाहको नेपाल एकीकरणपछि राज्य-सत्ताको प्रतिरोधी शक्ति बनेको इतिहास छ । उनीहरू शाह, राणा र पञ्चायतकालीन राज्य-सत्तासँग लडे । आ-आफ्ना जातीय, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, राजनीतिक र आर्थिक अधिकार तथा स्वायत्तताका लागि ती प्रतिरोध गरिएका थिए ।[१] एकतन्त्रीय शासकीय व्यवस्थामा विगतका ती सबै विद्रोह/संघर्षहरू दबाइए । तिनको प्रभाव अस्थायी रह्यो । यद्यपि त्यस्ता विद्रोही संघर्षहरूले निश्चित इतिहास रचे । भिन्न अवधि र प्रकृतिका जातीय

[१] १०४ वर्षे राणा/शाहकालीन शासक-सत्ता विरुद्ध लिम्बू (वि.सं. १८४८); तामाङ (वि.सं. १८५०); राई (माझ किरात वि.सं. १८६४), भोटे (वि.सं. १९०७), मगर, गुरुङ र आठपहरिया (वि.सं. १९३३) हरूले जातीय सांस्कृतिक-राजनीतिक हकअधिकार र स्वशासनका लागि विद्रोह गरे (दिक्पाल २०७६) । हिन्दू धर्म-संस्कृतिमा आधारित सामाजिक-सांस्कृतिक मूल्य-मान्यता र चालचलनलाई व्यवस्थित र औपचारिक तवरमा जंगबहादुर राणाले मुलुकी ऐनमा संगृहित गरेर वि.सं. १९१० मा उक्त ऐन लागू गरे । ऐनले आदिवासी जनजातिहरूलाई हिन्दू वर्णाश्रमभित्र नराखीकनै "मासिन्या" र "नमासिन्या मतवाली" मा श्रेणीबद्ध गरी राज्यको स्वेच्छाचारी शासकीय एकाधिकारमा भित्र्यायो । पञ्चायतकालमा बहुल सामाजिक यथार्थलाई जबरजस्ती एकरूपतामा ढाली जातीय पहिचान दबाउने काम गरियो ।

विद्रोही समूहहरूले एक खालको चेतना र संगठन निर्माण गरे ।[२] त्यसैले वि.सं. २०४६ पछिको जनजाति आन्दोलनले राज्यलाई खबरदारी गर्ने लक्ष्य लियो र यस तीन दशकमा जनजाति आन्दोलनले एक विशेष सामाजिक शक्तिको हैसियत बनायो (हान्गेन सन् २००७) ।

"गैरराजनीतिक संस्थागत एजेन्ट" (वन्त सन् २००६) को रूपमा आन्दोलनको नेतृत्व नेपाल आदिवासी जनजाति महासंघले गऱ्यो । महासंघ नेपालका आदिवासी जनजातिहरूको प्रतिनिधिमूलक जातीय संस्था हो । आन्दोलन मार्फत महासंघले आदिवासी जनजाति समुदायमाथि ऐतिहासिक रूपमै हुँदैआएको बहुतहगत र बहुप्रकृतिका विभेद र शोषणको विरोध गर्दैआएको छ । महासंघ, आदिवासी जनजाति समुदाय र राज्य-सत्ता जोड्ने कडी पनि बन्यो । त्यसैले वि.सं. २०४६ पछि उदाएको जनजाति आन्दोलनको विकासक्रम, शक्ति र कमजोरी केलाउने एक उपयुक्त माध्यम हो । महासंघले आदिवासी जनजातिहरूको पहिचान र सवाललाई वैधानिकता प्रदान गर्न, शासनमा र नीति निर्माणमा यस समुदायको प्रतिनिधित्व वृद्धि गर्न, नेपाली राज्य र समाजलाई बहुल र समावेशी बनाउन भूमिका खेल्यो (गुरुङ २०६७; तामाङ २०७५) ।

जातीय स्वशासन र स्वायत्तता सहित खोसिएको पहिचान र अधिकार पुनर्दाबी गर्ने जनजाति महासंघ नेपालको बृहत् नागरिक समाजको अभिन्न अंग हो ।[३] ऊम्मन (सन् २००४ : ११४) ले भने झैँ "विषम, उचनीच र बहुल समाजका पहिचानवादी समूहहरू पनि नागरिक समाजका वैधानिक बासिन्दा" (गेल्नर सन् २००९ बाट उद्धृत) हुन् । राज्यको परिवर्तित स्वरूप र नेपालमा लोकतन्त्रका लागि गरिएका संघर्षका सन्दर्भमा नागरिक समाजका विभिन्न आयामको विश्लेषण आवश्यक छ (दाहाल सन् २००१; तामाङ सन् २००२; हाछेथु सन् २००६) ।

[२] यद्यपि समग्र आदिवासी जनजातिहरूको सामूहिक राजनीतिक आन्दोलनको इतिहास छैन । एक-एक जातीय समूहले विभिन्न समयमा गरेका ती विद्रोहले समग्र आदिवासी जनजातिको प्रतिनिधित्व गर्दैनन् (लावती २०७०) । यी आन्दोलनले पछिल्लो आदिवासी जनजाति आन्दोलनका लागि ऐतिहासिक आधार तयार पार्न सहयोग गरे ।

[३] जनजाति आन्दोलनले निश्चित थातथलोको स्वशासित र स्वायत्त जातीय समूहको पहिचान अनुरूपको हकअधिकार पुनर्स्थापनामा जोड दिन्छ । डेभिड गेल्नरले चर्चा गरे अनुसार आदिवासी/जातीय समूहहरूको विद्रोही चरित्र, प्रथाजनित पृथक कानूनी अभ्यास, "साम्प्रदायिक" र सांस्कृतिक चरित्र तथा "स्याभेज" प्रकृति र नागरिक समाजको आम चरित्रबीच भिन्नता छ । त्यस्तै एकतन्त्रीय शासकीय पद्धति र नागरिक समाजबीच पनि भिन्नता छ । यी दुवैभन्दा उदार र खुला चरित्र बोक्ने नागरिक समाजले हिंसा, विद्रोह वा सशस्त्र आन्दोलन र शोषण दमनजस्ता "अतिवाद" मा विश्वास राख्दैन । बहुल लोकतान्त्रिक राज्यको विकाससँगै आदिवासी/जातीय समूहको जनजीवन, प्रथा र चरित्र पनि रूपान्तरित हुँदैआएको छ । नागरिक समाजले विशेष जातीय चरित्र अवलम्बन गर्दैन । तर जातीय समूहहरू नागरिक समाजका अवयव बन्न सक्छन् (गेल्नर सन् २००९ : १–२४) ।

खबरदारी गर्ने भूमिकामा उभिएको जनजाति आन्दोलनको आन्तरिक र बाह्य पक्षहरूको लेखाजोखाले नेपालमा नागरिक समाजको एक भिन्न आयाम बुझ्न सघाउनेछ ।

२०४६ साल पछिका सामाजिक आन्दोलनको एक शक्ति बनेको जनजाति आन्दोलनले २०७० सालको दशकमा आइपुग्दा क्षयीकरणको बाटो लियो । अस्थिर राज्य सञ्चालन र तरल राष्ट्रिय राजनीतिमा जनजाति महासंघले आफ्ना सैद्धान्तिक धरातल अनुरूप आन्तरिक संरचना-पद्धति र आन्दोलनको रणनीति/क्रियाकलापहरू निर्धारण गरी सही रूपमा कार्यान्वयन गर्न नसक्दा जनजाति आन्दोलनको शक्ति क्षय भएको भन्ने यो लेखको मूल तर्क हो । कुनै पनि आन्दोलन निश्चित बिन्दुमा पुगेपछि कमजोर हुनु स्वाभाविक हो । त्यसो हुनुको बहुआयामिक सन्दर्भ र कारण बुझ्न भने अत्यन्त जरुरी छ । यो लेख सामाजिक आन्दोलनकर्ताको रूपमा जनजाति महासंघको आन्तरिक संरचना र क्रियाकलापहरूमा केन्द्रित छ । सामाजिक आन्दोलनकारी एक शक्तिको रूपमा महासंघको निर्माण, त्यसको संरचना, कार्यशैली, नेतृत्व, आन्तरिक शक्ति संरचना र शक्ति अभ्यासका पक्षहरूमाथि छलफल गर्दै जनजाति आन्दोलनको विकासक्रम, शक्ति र कमजोरीलाई यस लेखले केलाउँछ । यस्तो अध्ययनले महासंघ जोडिएको जनजाति आन्दोलनको चरित्र र भूमिकालाई लेखाजोखा गर्न पनि मद्दत गर्छ ।[४]

उपलब्ध अ/प्रकाशित स्रोत सामग्री तथा महासंघको केन्द्रीय संरचना र क्रियाकलापमा आधारित यो लेखका चार खण्ड छन् । पहिलो खण्डमा महासंघ गठनको नालीबेली र यसको नेतृत्व कथा छ । यस खण्डले महासंघ उदय हुनुको पृष्ठभूमि र औचित्य दर्शाउँछ । दोस्रो खण्डले आदिवासी जनजातीय पहिचान कसरी स्वीकार्य भयो र यस क्रममा कस्ता चुनौती आए भन्ने चर्चा गर्छ । यो खण्डमा आदिवासी जनजातिहरूको पृथक पहिचानको सैद्धान्तिक, नीतिगत र व्यावहारिक पाटाहरू मार्फत पहिचानको लडाइँको चित्रण गरिएको छ । लेखको तेस्रो खण्ड महासंघले आन्दोलन मार्फत उठाएको सवाल र ती सवालमा आएको रूपान्तरणमा केन्द्रित छ । सामाजिक-सांस्कृतिक आयामबाट उठाइएका आन्दोलनका सवाल तथा मुद्दाहरूलाई राजनीतिक स्वरूप दिइएको चर्चा यो खण्डमा छ । महासंघ तुलनात्मक रूपमा कमजोर र आलोचित हुनुको आयामलाई चौथो खण्डले समेटेको छ । यो खण्डले महासंघको संरचना, नेतृत्व र क्रियाकलापहरू मार्फत जनजाति आन्दोलनको क्षय-क्रमबारे चर्चा गरेको छ ।

## महासंघको गठन र यसको नेतृत्व

वि.सं. २००७ साल राणाशासनको अन्त्यपछि आ-आफ्ना संस्कार, संस्कृति, परम्परा जोगाउने र पुनर्जागरण ल्याउने, भाषिक चेतना र साहित्यिक क्रियाकलापमा केन्द्रित जातीय

[४] नेपालमा बृहत् सामाजिक आन्दोलनभित्र जनजाति आन्दोलनको भूमिका/स्थानबारे तुलनात्मक अध्ययन जरुरी छ । यस लेखमा यो पक्षलाई भने छलफल गरिएको छैन ।

संगठनहरूको सक्रियताले महासंघ स्थापना गर्न सम्भव बनायो । पञ्चायती व्यवस्थाभित्र विभिन्न जनजातीय समूहहरू आ-आफ्नै ढंगले आन्तरिक अभ्यास र संघर्षमा थिए (गुणरत्ने सन् २००२; भट्टचन २०६०) । तर वि.सं. २०१७ मा त्यस्ता जातीय संगठनमाथि प्रतिबन्ध लागेपछि तिनले खुलेआम काम गर्न सकेनन् । वि.सं. २०३० को दशकबाट थप उदाएका जातीय समूहले धर्मनिरपेक्षता, मातृभाषाकेन्द्री जातीय सवाल उठाए (सुन्दर २०७४) । सन् १९८६ मा पहिलो पटक प्रकाशित प्रयागराज शर्माको लेखमा उल्लेख छ : "आजकाल जातीय मुद्दाहरूले एक नयाँ खालको संवेदनशीलता आर्जन गरेका छन्, जुन पहिले कहिल्यै भएको थिएन, अतः, तिनको समाधानमा एक नयाँ तत्परता हुनुपर्छ ।...नेपालमा जातीय समूहहरूको जातीय चेतना सांस्कृतिक छ, राजनीतिक खालको छैन" (सन् २०१२ : २०३–२०६) ।

पञ्चायतको उत्तरार्द्धमा चलाइएको धर्मनिरपेक्ष अभियान विभिन्न जातीय समूह जोड्ने कडी बन्यो । केशवमान शाक्यका अनुसार, २०४६ सालको जनआन्दोलनसम्म आइपुग्दा युवा बौद्ध समूहले उपत्यका भित्रका अधिकांश नेवार बौद्ध संस्थाहरूसँग सहकार्य गऱ्यो । तामाङ, गुरुङ, मगर, राई, लिम्बू, थारू र शेर्पा समुदायका नेताहरूसँग घनिष्ट सम्पर्क राख्यो । पद्मरत्न तुलाधरको नेतृत्वमा नेपालभाषा मंकाःखलः ले काठमाडौँ र त्यस बाहिरका नेवार संघ-संस्थालाई "भिन्तुना" कार्यक्रम मार्फत जोड्यो (शाक्य २०७७) । जनआन्दोलन पश्चात् संविधान लेखनका लागि गठित सुझाव आयोगले तत्कालीन सरकार समक्ष सुझाव पेस गरे लगत्तै १३५ ओटा संघ-संगठन मिलेर "विविध धर्म, जाति, भाषा, धर्म निरपेक्षता संघर्ष समिति" बनाइयो । समितिले धर्मनिरपेक्षता, बहुभाषा, बहुजातिको पक्षमा विशाल शान्तिपूर्ण ऱ्याली र जनसभा गर्दै संयुक्त अपिल समेत निकाल्यो । "धर्मनिरपेक्षता, मातृभाषा र जातीय अधिकार पक्षधर राजनीतिक पार्टीलाई भोट दिएर संविधानमा धर्मनिरपेक्षता कायम गरौँ" भन्ने नारा प्रचार गरिए (शाक्य २०७७) । त्यस बखत नेपालको इतिहासमा पहिलोपल्ट एक लाखभन्दा बढी संख्याको जुलुस निकाल्न सफल रहेको शाक्यको दाबी छ । यद्यपि *नेपालको संविधान, २०४७* को धारा ४ ले नेपाललाई हिन्दू राष्ट्र बनायो । यस्तो माहोलमा नेपाल जनजाति महासंघ स्थापना भयो ।

## *नेपाल जनजाति महासंघ गठन र विस्तार*

वि.सं. २०४७ पछि विभिन्न जातीय समूहमा क्रियाशील अभियन्ताहरूले बहुधर्म-भाषा-संस्कृति तथा बहुल राज्य निर्माणका लागि संयुक्त आन्दोलनकारी मञ्चको खाका बनाए (शाक्य २०७७; सुन्दर २०७४) र यही मञ्चले नेपाल जनजाति महासंघ भनी "संघहरूको संघ महासंघ" (आले मगर २०७७) को स्वरूप लियो । "अनेकतामा एकता : राष्ट्रिय आवश्यकता" विषयमा थँहिटीको धर्मकिर्ति विहारमा आयोजित गोष्ठीबाट "जनजाति" शब्द चुनेर "नेपाल जनजाति महासंघ" को प्रस्ताव पारित गरी राष्ट्रिय अधिवेशन कार्यदल

गठन गरियो (शाक्य २०७७)। कार्यदलमा सुरेश आले मगर, परशुराम तामाङ र केशवमान शाक्यको विशेष भूमिका रह्यो।[५] वैशाख २२, २०४७ को भेला (सुन्दर २०७४) बाट महासंघ एक "अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित, संगठित एवं स्वतन्त्र संस्था" (नेपाल जनजाति महासंघ २०४७ : २) को रूपमा गठन भयो। किरात याक्थुङ चुम्लुङ, किरात राई सांस्कृतिक संघ (हाल किरात राई यायोक्खा), नेपाल तामाङ घेदुङ, नेपालभाषा मंकाःखलः (हाल नेवाः देय् दबू), सगरमाथा सेवा केन्द्र (हाल नेपाल शेर्पा संघ), नेपाल लाङ्घाली संघ (हाल नेपाल मगर संघ), तमू बौद्ध सेवा समिति (हाल तमू ह्युला छोँज धिं गुरुङ राष्ट्रिय परिषद्) र सुनुवार सेवा समाज गरी आठ ओटा जातीय संस्थाहरूको आबद्धतामा महासंघ स्थापना भयो (राई सन् २००८)। जातीय संस्थाको प्रतिनिधि क्रमशः रकम चेम्जोङ, तेजराज राई, परशुराम तामाङ, मल्ल के सुन्दर, दोर्जे सुशील शेर्पा, सुरेश आले मगर, गणेशमान गुरुङ र राजेन्द्रकुमार सुनुवार रहेका थिए (सुन्दर २०७४)।

असार २७–२९, २०४९ मा सम्पन्न महासंघको पहिलो अधिवेशनले "...जनजातीय संगठनको स्वतन्त्रता, समानता र भातृत्वको सम्मान गर्ने, एकरूपता होइन, विभिन्नता यो विश्वको सामान्य तथ्य भएकाले विविध संस्कृतिहरूलाई फुल्न दिने, विविधताका बीच एकअर्कालेे बाँच्न सिक्ने र राष्ट्रहरूको एउटै स्वतन्त्र सार्वभौम राज्य निर्माण गर्ने सामूहिक चिन्ता र कार्यक्रम अघि बढाउने प्रणका साथ..." भन्दै घोषणापत्र जारी गऱ्यो (छार-म्हेन्दो २०४९क : ९–१०)। अधिवेशनले महासचिव प्रणाली अपनाउँदै सुरेश आले मगर महासंघ महासचिव चुनिए। विधानतः परिषद्को कामकाज सञ्चालनको प्रमुख जिम्मेवारी महासचिवलाई दिइयो। महासचिवको झोलामा सचिवालय हुने उक्त समयमा संघीय परिषद् सदस्य संस्थाको वार्षिक शुल्क, महाधिवेशन शुल्क र सचिवालय सदस्यहरूको व्यक्तिगत खर्चमा सचिवालय धानिन्थ्यो (सुन्दर २०७४)।

तेस्रो महाधिवेशनबाट एक संघीय परिषद् सहितको एक सचिवालय बनाइयो जसमा संगठन; अर्थ; भाषा, संस्कृति तथा साहित्य; महिला, बालबालिका तथा स्वास्थ्य; अनुसन्धान; विदेश; र जनसम्पर्क गरी सात ओटा विभाग बनाई सचिवहरूको कार्य विभाजन समेत गरियो। प्रत्येक जातीय संस्थाबाट एक-एक प्रतिनिधि रहने गरी एक संघीय परिषद् समेत निर्माण गरियो। सचिवालय संघीय परिषद्प्रति उत्तरदायी हुने र हरेक वर्ष जातीय संस्थाबाट पालैपालो अध्यक्षको चयन गरिने प्रावधान राखियो। त्यसै गरी संघीय परिषद्ले

[५] एकनारायण गुरुङ, एमएस थापा मगर, केवल चौधरी, गणेशमान गुरुङ, गंगाराज राई, गोरेबहादुर खपांगी, तेजराज राई, दोर्जी सुशील शेर्पा, नन्द कन्दङ्वा, पद्मरत्न तुलाधर, वसन्त शेरचन, मल्ल के सुन्दर, रकम चेम्जोङ, राजेन्द्रकुमार सुनुवार, रामप्रसाद गुरुङ, लालबहादुर नेम्बाङ, सत्यनारायण चौधरी, सन्तोष राई र सीताराम तामाङ लगायत महासंघ गठनमा सक्रिय थिए (शाक्य २०७७; आले मगर २०७७)।

महासंघ सञ्चालनका लागि आवश्यक सुझाव र सहयोगका लागि सल्लाहकार समितिको चयन गर्ने भनियो। तीन-तीन वर्षमा महाधिवेशन मार्फत नेतृत्व चयनको प्रावधान अपनाइयो।

जिल्ला समन्वय परिषद् मार्फत देशभर महासंघले सञ्जाल निर्माण गऱ्यो। माघ २०७६ सम्ममा ५६ जातीय संस्थाहरू महासंघमा आबद्ध छन्।[६] २३ भन्दा बढी विदेश शाखाहरू मार्फत अन्तर्राष्ट्रिय सञ्जाल र पछिल्लो अवधिमा संघीय संरचना अनुरूप प्रदेश, जिल्ला, स्थानीय तह (महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका र वडा) समन्वय परिषद् निर्माण गरी देशभर आफ्नो संरचना र सञ्जाल विस्तार गरेको छ। आदिवासी जनजाति महिला, युवा, विद्यार्थी, पत्रकार, वकिल, चलचित्र, मजदुर, अपांग, खेलकुद, साहित्यकार, सांस्कृतिक र पर्यटन गरी १२ ओटा महासंघहरू जनजाति महासंघसँग सम्बद्ध छन्।

## *पुलिंगी नेतृत्व*

तत्कालीन नेकपा माले, नेकपा चौथो महाधिवेशन र नेकपा मशालका बुद्धिजीवीहरूको पहलमा बनेको महासंघको नेतृत्वमा लामो समयसम्म वामपन्थी राजनीतिक पृष्ठभूमिका पुरुष नै रहे (हेर्नुहोस्, तालिका १)। २०४७ देखि २०७६ सालसम्म महासंघको नेतृत्वमा क्रमशः सुरेश आले मगर, परशुराम तामाङ, बालकृष्ण माबुहाङ, ओम गुरुङ, पासाङ शेर्पा, राजकुमार लेखी, नगेन्द्र कुमाल र जगत बराम रहेका छन्।

संस्थापक महासचिव सुरेश आले मगर २०३६ सालको विद्यार्थी आन्दोलनबाट वामपन्थी राजनीतिमा होमिए। पेसागत हिसाबले अंग्रेजी विषयको प्राध्यापनमा संलग्न आले मगरले "नेपाल लाङ्घाली संघ" को प्रतिनिधि भई महासंघको संस्थापक महासचिवको जिम्मेवारी सम्हाले।[७] आले मगर पश्चात् परशुराम तामाङ २०५१ सालमा महासचिव चुनिए। अर्थशास्त्र विषय प्राध्यापनरत तामाङ पञ्चायतकालदेखि तामाङ जातिको हकहितको अभियानमा संलग्न थिए। "नेपाल तामाङ घेदुङ संघ" मार्फत महासंघमा

[६] यसमा किसान, कुमाल, कुशवाडिया, कुसुण्डा, गन्गाई, गुरुङ, चेपाङ, छन्त्याल, जिरेल, झाँगड, डोल्पो, ताजपुरिया, तामाङ, ताङ्बे, तीनगाउँले थकाली, तोक्पेगोला, थकाली, थामी, थारू, थुदाम, दनुवार, दराई, दुरा, धानुक, धिमाल, नेवार, पहरी, राउटे, राजवंशी, राजी, बराम, बाह्रगाउँले, बोटे, भुजेल, भोटे, मगर, माझी, मार्फाली, मुगाल, मेचे, याक्खा, लिम्बू, राई, लाप्चा, लार्के, ल्होपा, ल्होमी, वालुङ, व्यासी, शेर्पा, सन्थाल, सियार, सुनुवार, सुरेल, हायू, ह्योल्मोका संस्थाहरू छन्। www.nefin.org.np/en/member-organization/ मा उपलब्ध; असोज २६, २०७६ मा हेरिएको।

[७] उनी महासंघबाट बाहिरिएपछि तत्कालीन नेकपा (माओवादी) मा आबद्ध भई असार २६, २०५७ मा "जनयुद्ध" मा संलग्न रहँदै भूमिगत भए। उनी नेकपा माओवादी केन्द्र हुँदै जुन २०१८ मा नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्बद्ध आदिवासी जनजाति महासंघ, नेपालका संयोजक छन्।

आएका उनले दोस्रो र तेस्रो महाधिवेशन मार्फत दुई कार्यकाल महासचिवको भूमिका सम्हाले ।[८] त्रिभुवन विश्वविद्यालय केन्द्रीय जनसंख्या विभागमा अध्यापनरत बालकृष्ण माबुहाङ चौथो महाधिवेशनबाट "किरात याक्थुङ चुम्लुङ" को प्रतिनिधिको रूपमा २०५७ सालमा महासंघको महासचिव चुनिए ।[९] पाँचौँ महाधिवेशनबाट "तमु राष्ट्रिय परिषद्" को प्रतिनिधिको रूपमा त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत मानवशास्त्री ओम गुरुङ २०६० सालमा महासंघको नेतृत्वमा आए ।[१०]

छैटौँ महाधिवेशन मार्फत महासंघले महासचिव प्रणाली त्यागेर अध्यक्षात्मक प्रणाली अपनायो । अध्यक्षमा "तोक्पेगोला सेवा समाज" को प्रतिनिधिको रूपमा २०६३ सालमा पासाङ शेर्पा चुनिए । मुख्यतः पेसा-व्यवसायमा संलग्न उनी त्यस बेला नेकपा एमाले ताप्लेजुङ-काठमाडौँ सम्पर्क मञ्चमा आबद्ध थिए । वि.सं. २०६४ को संविधानसभामा नेकपा एमालेबाट सभासद् चुनिए पनि शेर्पा महासंघ अध्यक्ष र सभासद् दुवै भूमिकामा रहे ।[११] "थारू कल्याणकारिणी सभा" प्रतिनिधि राजकुमार लेखी सातौँ महाधिवेशनबाट २०६६ सालमा महासंघको अध्यक्ष चुनिए । सभाको महामन्त्री रहेका लेखी महासंघ नेतृत्वमा आउँदा नेकपा

[८] तामाङ सन् २००७ पश्चात् आधा दर्जन दलमा आबद्ध भइसकेका छन् । सन् २००७ मा ताम्सालिङ-नेपाल राष्ट्रिय दल (जसले २०६४ को संविधानसभा निर्वाचनमा भाग लिएको थियो) को अध्यक्ष, सन् २०१३ मा संघीय गणतान्त्रिक समाजवादी पार्टीको अध्यक्ष, सन् २०१५ मा संघीय गणतान्त्रिक जनमुक्ति पार्टीको सहअध्यक्ष, सन् २०१६ मा नयाँ शक्ति पार्टीको केन्द्रीय कार्यकारी सदस्य, सन् २०१७ मा नेकपा माओवादी केन्द्र प्रवेश र त्यस पश्चात् एमाले र माओवादी केन्द्रको एकता पश्चात् बनेको नेकपामा आबद्ध छन् (घर्ति मगर २०७५ : ९६) ।

[९] वाम पृष्ठभूमिबाटै आए पनि महासंघको नेतृत्वमा आउँदा माबुहाङ राजनीतिक आबद्धताको हिसाबले स्वतन्त्र थिए । जेठ १९, २०५८ को दरबार हत्याकाण्डपछि २०५९ पुसमा आदिवासी जनजातिबारे कुराकानी गर्न राजदरबारबाट उनलाई बोलावट आयो र भेटे पनि ।

[१०] महासंघबाट बाहिरिए पछि गुरुङ दोस्रो संविधानसभाको बखत पहिचान सहितको संघीयताका लागि पद्मरत्न तुलाधर नेतृत्वमा गठित "नेपाल आदिवासी जनजाति राष्ट्रिय आन्दोलन" को प्रवक्ता थिए । त्यसअघि उनी चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चामा आबद्ध थिए । संघीयताको पक्षधरता अँगाल्दै २०६४ सालमा उनले उक्त पार्टी त्यागे । नेकपा क्रान्तिकारी (मोहन वैद्य किरण नेतृत्व) मा आबद्ध भए । देशभक्त जनगणतान्त्रिक मोर्चाको तर्फबाट दोस्रो संविधानसभाका लागि समानुपातिकबाट सिफारिस सूचीमा परे । हाल उनी नेकपा क्रान्तिकारी अन्तर्गत अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष छन् ।

[११] उनले नेकपा एमालेबाट बाहिरिएर एउटा ठूलो अध्यक्ष मण्डल बनाएर सामाजिक लोकतान्त्रिक पार्टी खोले । वि.सं. २०७२ मा बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीमा प्रवेश गरे । वि.सं. २०७४ मा नेकपा माओवादी केन्द्रमा गए । माओवादी केन्द्र र नेकपा एमालेको एकता पश्चात् उनी नेकपामा छन् ।

एमाले जनकपुर-काठमाडौँ सम्पर्क समितिमा आबद्ध थिए ।[१२] "कुमाल सुधार समिति" प्रतिनिधिको रूपमा महासंघको आठौँ महाधिवेशनबाट २०७० सालमा अध्यक्ष चुनिए—नगेन्द्र कुमाल । नेपाली काँग्रेसमा आबद्ध उनी "कुमाल विद्यार्थी संघ" मार्फत आदिवासी जनजाति विद्यार्थी महासंघको स्थापनाकालदेखि जनजाति आन्दोलनमा जोडिएका थिए। २०७० सालको दोस्रो संविधानसभामा नेपाली काँग्रेसबाट सभासद् भएपछि उनी महासंघ अध्यक्ष र सभासद् दुवै भूमिकामा रहे । २०७३ सालमा नवौँ महाधिवेशनबाट "बराम संघ" को प्रतिनिधि जगत बराम महासंघको नेतृत्वमा चुनिए । मूलतः शिक्षण पेसाबाट आएका र नेपाली काँग्रेससँग आबद्ध उनी जातीय संस्था मार्फत नै जनजाति आन्दोलनमा जोडिएका थिए ।

**तालिका १ : नेपाल आदिवासी जनजाति महासंघको नेतृत्व**

| **क्र.सं.** | **नाम, कार्यकाल** | **पृष्ठभूमि** | **हाल (२०७६) को राजनीतिक आबद्धता** |
|---|---|---|---|
| १. | सुरेश आले मगर (वि.सं. २०४७–२०४९, तदर्थ समिति संयोजक, वि.सं. २०४९–२०५१), महासचिव | प्राध्यापन/वाम राजनीति | नेपाल कम्युनिस्ट पार्टी (नेकपा) |
| २. | परशुराम तामाङ (वि.सं. २०५१–२०५७, दुई कार्यकाल), महासचिव | प्राध्यापन/अभियन्ता | नेकपा |
| ३. | बालकृष्ण माबुहाङ (वि.सं. २०५७–२०६०), महासचिव | प्राध्यापन/वाम राजनीति | स्वतन्त्र |
| ४. | ओम गुरुङ (वि.सं. २०६०–२०६३), महासचिव | प्राध्यापन/वाम राजनीति | नेकपा क्रान्तिकारी (मोहन वैद्य नेतृत्व) |
| ५. | पासाङ शेर्पा (वि.सं. २०६३–२०६६), अध्यक्ष | व्यापार/वाम राजनीति | नेकपा |
| ६. | राजकुमार लेखी (वि.सं. २०६६–२०७०), अध्यक्ष | वाम राजनीति | राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) |
| ७. | नगेन्द्र कुमाल (वि.सं. २०७०–२०७३), अध्यक्ष | विद्यार्थी राजनीति | नेपाली काँग्रेस |
| ८. | जगत बराम (वि.सं. २०७३ - ), अध्यक्ष | शिक्षण/विद्यार्थी राजनीति | नेपाली काँग्रेस |

[१२] २०७२ सालमा नागरिक समाजवादी पार्टी गठन गरेका लेखीले २०७४ सालमा राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीसँग एकीकरण गरे । हाल उनी राजपामा सक्रिय छन् ।

सचिवालयमा विविध जातीय समुदायको प्रतिनिधित्व भए पनि महासंघ स्थापनाको एक दशक (वि.सं. २०४७–२०५७) सम्म महिला उपस्थिति हुन सकेन। महासंघमा आबद्ध जातीय संस्थाहरूमा महिला सहभागिता ज्यादै न्यून थियो। तिनै जातीय संस्थाहरूले चुनेर पठाएपछि मात्रै मतदाता वा दाबेदारीको अधिकार प्राप्त हुने र सचिवालयमा पुग्न अधिवेशनमा दाबेदारी दिएर विजयी हुनुपर्छ। तर तलदेखि माथि सम्मको यी संरचनागत र निर्णायक प्रक्रियाहरूमा पुरुषकै वर्चश्व रहँदै आयो। २०५५ सालदेखि जनजाति महिलाहरूले महासंघ र नेतृत्व सँगको आफ्ना गुनासा र असन्तुष्टि सार्वजनिक गरे। महासंघले तेस्रो महाधिवेशनबाट आफ्नो संरचनामा महिला तथा बालबालिका सचिवको अवधारणा भित्र्यायो। चौथो महाधिवेशनमा महासंघको सचिवालयमा तीन महिलाहरू चुनिएपछि महिला उपस्थितिले महासंघको संरचनाभित्र निरन्तरता पायो।[१३] महासंघभित्र महिला विभाग गठन र महिला उपस्थिति मात्रै आदिवासी जनजाति महिलाहरूको ध्येय थिएन। जनजाति आन्दोलन र समग्र महिला आन्दोलनमा आफ्नो भौतिक र सवालगत प्रतिनिधित्वका लागि "राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ" गठन गरे (राई २०७४)।

महासंघ र जनजाति आन्दोलन अघि बढ्दै जाँदा जनजातीय संघ-संगठनहरू स्वतःस्फूर्त रूपमा स्थापना भई आपसी सहकार्य हुँदै गयो। विधानत: पाँचौँ महाधिवेशन (वि.सं. २०५७) बाट प्रमुख पदमा एक कार्यकालभन्दा बढी रहन नपाइने र महासंघको शुरूआतदेखि नै सचिवालयको जुनसुकै पदहरूमा एउटा आदिवासी जनजाति समूहबाट एक जना मात्रै रहने व्यवस्था थियो। त्यसले आन्तरिक जातीय प्रभुत्व नियमन त गर्‍यो; लैंगिक समान सहभागिता निषेध पनि गर्‍यो। दोस्रो जनआन्दोलनसँगै व्यापक बनेको समावेशिताको अभ्यासले महासंघलाई लैंगिक उपस्थिति बढाउन दबाब पुग्यो। छैटौँ महाधिवेशन (पुस २७, २०६३) ले विधान संशोधन गरेर महासंघको संघीय परिषद् बैठकमा लिंगीय समान सहभागिता सुनिश्चित गर्‍यो। पछिल्लो समय महासंघको प्रत्येक तहको समन्वय परिषद् सचिवालयमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको प्रावधान अपनाएको छ। यद्यपि लैंगिक समानतामा आधारित समुदायको पहिचान दाबी गर्ने, समावेशिता र प्रतिनिधित्व मुद्दाको अगुवाइ गर्ने महासंघको स्थानीय तहदेखि देश-विदेशमा निर्मित संरचना (महिलाका संगठन बाहेक) को नेतृत्व पंक्तिमा महिला अपवाद हुन्।

[१३] "नेपाल शेर्पा संघ" बाट आङदावा शेर्पा (जनसम्पर्क सचिव), "तमु राष्ट्रिय परिषद्" बाट दीपा गुरुङ (विदेश सचिव) र "थारू कल्याणकारिणी सभा" बाट फूलमति चौधरी (महिला तथा बालबालिका सचिव) चुनिएका थिए।

## जनजातीय पहिचान निर्माण

नेपालको हिन्दू वर्णाश्रम अन्तर्गतको "जात" व्यवस्थाभन्दा भिन्न जनजातीय दृष्टिकोणबाट सामूहिक पहिचान निर्माण गर्ने, समस्या र सवालहरूको पहिचान गर्ने, विभेदित-शोषित अनुभव र सवालहरूको सैद्धान्तीकरणको अभ्यासमा महासंघले डेढ दशक खर्चियो (सुब्बा, राई र गुरुङ सन् २००९)। जातीय समुदाय र अभियन्ताहरूले "आदिवासी," "जनजाति" शब्दको उस्तै अर्थ दिने गरी आफ्नो पहिचान निकट रहेको दर्शाउँथे। यद्यपि आदिवासी र जनजाति दुई फरक विशेषता र सन्दर्भमा प्रयोग गरिन्छ (गुरुङ सन् २००४) भन्ने बुझाइ पनि कायमै थियो। महासंघको विधान, २०४७ को दफा २ को उपदफा (ग) ले "'जनजाति' भन्नाले हिन्दू वर्णाश्रमको संरचनाभित्र नपर्ने नेपालका आदिवासी एवं मूल जातिहरूलाई जनाउँछ" भन्दै "आदिवासी," र "जनजाति" लाई पर्याय मान्यो। वि.सं. २०४७ सालमा अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले संयुक्त राष्ट्र संघले आदिवासी दिवसको अवसरमा बेलायतमा आयोजना भएको महासभामा "नेपालमा आदिवासी नै छैनन्, यो समस्या पनि छैन" भन्ने अभिव्यक्ति दिए। नेपाल फर्केपछि जनजातीय समुदायका बौद्धिकहरूबाट आलोचना खेपेपछि सञ्चारमाध्यममा "नेपालमा आदिवासी भए पनि ६–७ हजारभन्दा बढी छैनन्" भनेर आफ्नो पूर्व अभिव्यक्ति सच्याएका थिए (पुन मगर २०६३)। उनको त्यो भनाइ नेपालका राउटे, कुसुण्डा लगायत लोपोन्मुख जनजातिको जनसंख्यामा लक्षित थियो।

संयुक्त राष्ट्र संघले सन् १९९३ लाई विश्व आदिवासी वर्ष र सन् १९९५–२००४ लाई विश्व आदिवासी दशकको रूपमा मनाएपछि नेपालमा त्यसको प्रभाव पऱ्यो। सन् १९९४ मा महासंघले "विश्व आदिवासी अन्तर्राष्ट्रिय दशक राष्ट्रिय समिति" बनाई "आदिवासी जनजाति सम्बन्धी राष्ट्रिय गोष्ठी" गऱ्यो। संयुक्त राष्ट्र संघले निर्धारण गरेको अन्तर्राष्ट्रिय मापदण्डलाई समेत आधार मानेर गोष्ठीले नेपालका जातीय समुदायको परिभाषा गऱ्यो। जसमा भिन्न उत्पत्ति, मौलिक सांस्कृतिक-भाषिक परम्परा हिन्दू धर्म होइन पितृ-भूमि-ऋतु पुज्ने, (अ)लिखित इतिहास र ऐतिहासिकता भएको, मूलथलोमै विस्थापित र अधिकारबाट वञ्चित, समानतावादी संरचनालाई आधार बनायो। पुस ३०, २०५२ मा "जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान कार्यदल" गठन भयो (आजउराप्र २०७५)। सन्तबहादुर गुरुङको संयोजकत्वमा गठित ६ सदस्यीय कार्यदलले "भिन्न सामूहिक सांस्कृतिक पहिचान; भाषा, धर्म, परम्परा, संस्कृति र सभ्यता; समानतामा आधारित परम्परागत सामाजिक संरचना; परम्परागत बसोबासको थलो वा भौगोलिक क्षेत्र; लिखित वा अलिखित इतिहास; 'हामी' भन्ने भावना; आधुनिक नेपालको सरकार/राज्य सञ्चालन र राजनीतिमा निर्णायक भूमिका नरहेको; नेपालको आदिवासी वा मूलवासी; र, आफूलाई 'जनजाति' भन्ने" (गुरुङ र अरू सन् १९९६) भनी जनजातिको परिभाषा गऱ्यो।

हिन्दू वर्णाश्रम मान्ने, शहर केन्द्रित थातथलो र व्यापार-व्यवसायमा पकड राख्ने, बीसौँ शताब्दीयता सरकारी एवं सार्वजनिक निकायहरूमा राम्रो प्रतिनिधित्व गरेका र आफैभित्र सानो-ठूलो जातिको अभ्यास गर्ने नेवारहरू जनजाति हुन् या होइनन् भन्ने विवाद उठ्यो । यद्यपि उनीहरूलाई हिन्दू वर्ण व्यवस्थाको आधारमा हैन पेसाको आधारमा सानो-ठूलो जातीय हैसियत निर्धारण गरिएको, उनीहरूको आफ्नै भाषा र संस्कृति भएको, बहुसंख्यक बौद्ध धर्मावलम्बीहरू रहेका लगायतका सामाजिक-सांस्कृतिक-भाषिक कुराहरूको व्याख्याको आडमा नेवार समुदायलाई आदिवासी जनजातिमा राखियो (शाक्य २०७७) । उनीहरूलाई राजनीतिक कारणले आदिवासी जनजाति समुदायका रूपमा समावेश गरिएको थियो (वन्त सन् २००६) ।

*आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८* (पृ. १) को परिच्छेद १ को दफा २ (क) ले ५९ जातीय समुदाय (हेर्नुहोस्, तालिका २) को सूची सहित आदिवासी/जनजाति पहिचानलाई मान्यता दियो । त्यस लगत्तै पाँचौँ महाधिवेशनबाट महासंघलाई “नेपाल आदिवासी/जनजाति महासंघ” बनाइयो । सूचीकृत आदिवासी जनजातिभित्र रहेको सामाजिक-आर्थिक-भौगोलिक-जनसंख्या आदिको विषमता, भिन्न अवस्था र स्तर नखुट्टयाई नीति र कार्यक्रमहरू बनाउन र अवलम्बन गर्न कठिन थियो । महासंघले सन् २००४ मा एक कार्यदल गठन गरेर सूचीकृत ५९ आदिवासी जनजातिहरूको सामाजिक र आर्थिक भिन्नताका आधारमा पाँच समूहमा वर्गीकरण गऱ्यो (हेर्नुहोस्, तालिका २) ।

यो सूचीकरणले अर्को अभियान जन्मायो । आदिवासी जनजातिका एकै जातीय पहिचानभित्रै समेटिएका राई भित्रका कुलुङ, चाम्लिङ, नाछिरिङ, वाहिङ, लोहरुङ, याम्फु, बान्तवादेखि गुरुङ समुदायका घले; थारू समुदायका राना थारू; मगर समुदायका पुन; नेवार समुदायका ज्यापु, द्यौला, बलामी; र मुगाल समुदायका कर्मरोङ लगायतले सूचीकरणको माग राखे (गुरुङ २०६८) । “आदिवासी जनजाति गैरसरकारी संस्था महासंघ” ले आन्दोलनको पहल लियो । २०६५ सालमा नेपाल सरकारको मातहतमा ओम गुरुङको संयोजकत्वमा “आदिवासी जनजाति सूची परिमार्जन उच्चस्तरीय कार्यदल” गठन भयो । उक्त कार्यदलले सूचीकृत र अन्य गरेर ८१ आदिवासी जनजातिहरूको सूची सहित चैत ३०, २०६६ मा सरकार समक्ष प्रतिवेदन पेस गऱ्यो । तर, उक्त कार्यदलको प्रतिवेदनमाथि सरकारले थप कारबाही अघि बढाएन ।

स्थानीय निर्वाचन प्रायोजनका लागि २०६८ सालको जनगणनाको आधारमा वैशाख ११, २०७४ मा ०.५ प्रतिशतभन्दा कम जनसंख्या भएका ९८ जातजातिहरू अल्पसंख्यकमा सूचीकृत गरिएपछि पुनः आदिवासी जनजाति पहिचानको विषय बल्झियो । आदिवासी जनजातिमा सूचीकृत ३९ जाति र सूचीकरणको माग गर्दै आएका १६ समूह अल्पसंख्यक

सूचीमा छन् (घले-डोल्पो २०७५) ।[१४] उक्त सूचीले अन्तर्राष्ट्रिय एवं राष्ट्रिय तहमा पाउनुपर्ने हकअधिकारबाट आदिवासी जनजातिलाई वञ्चित गराउने (तामाङ २०७७) तथा जनजाति आन्दोलनमा समेत बाधा पुऱ्याउने आवाज महासंघ र प्रतिष्ठानद्वारा गठित अल्पसंख्यक सम्बन्धी कार्यदलले उठायो (घले-डोल्पो २०७५) ।

**तालिका २ : आदिवासी जनजातिको वर्गीकरण**

| क्षेत्र | लोपोन्मुख | अति सीमान्तकृत | सीमान्तकृत | सुविधा वञ्चित | उन्नत |
|---|---|---|---|---|---|
| हिमाली (१८) | | सियार, शिङसवा (ल्होमी), थुदाम | भोटे, डोल्पो, लार्के, ल्होपा, मुगाल, तोक्पेगोला, वालुङ | बाह्र गाउँले, व्यासी (सौका), छैरोतन, मार्फाली थकाली, शेर्पा, ताङ्बे, तीनगाउँले | थकाली |
| पहाडी (२४) | बनकरिया, हायू, कुशबाडिया, कुसुण्डा, लाप्चा, सुरेल | बरामु, चेपाङ, थामी | भूजेल, दुरा, पहरी, फ्री, सुनुवार, तामाङ | छन्त्याल, गुरुङ, जिरेल, लिम्बू, मगर, राई, याक्खा, ह्योल्मो | नेवार |
| भित्री तराई (७) | राजी, राउटे | बोटे, दनुवार, माझी | दराई, कुमाल | | |
| तराई (१०) | किसान, मेचे (बोडो) | धानुक (राजवंशी), झाँगड, सन्थाल (सतार) | धिमाल, गन्गाई, राजवंशी (कोच), ताजपुरिया, थारू | | |
| **कूल (५९)** | **१०** | **१२** | **२०** | **१५** | **२** |

*स्रोत: नेफिन (सन् २००४) ।*

आदिवासी जनजाति पहिचान र परिभाषा केन्द्रित मतभेद र सूचीकरणको विवाद अहिलेसम्म आन्तरिक र बाह्य रूपमा नसुल्झिएको विषय हो । क्षेत्री समाजले आफूहरू "आदिवासी" भएको दाबी गरेपछि महासंघले अन्तर्राष्ट्रिय मान्यता र नेपालका आदिवासी जनजातिहरूको ऐतिहासिक-सांस्कृतिक पृष्ठभूमिको स्मरण गर्दै-गराउँदै कात्तिक २६, २०६८ मा जारी घोषणापत्रको बुँदा ३ मा भन्यो "...शासक जातिका बाहुन र क्षेत्रीहरू नेपालको

[१४] यसमा कुलुङ, घले, खवास, नाछिरिङ, याम्फू, चाम्लिङ, आठपहरिया, बान्तवा, थुलुङ, मेवाहाङ, वाहिङ, मुण्डा, साम्पाङ, कोचे, खालिङ र लोहोरुङ समावेश छन् ।

आदिवासी हुन नसक्ने घोषणा जारी गरियोस् ।"[१५] हिन्दू वर्णाश्रम, राजनीतिक-आर्थिक-सामाजिक शक्ति बाहेक नेपालका आदिवासी जनजातिको पहिचान निर्धारणका मापदण्ड, परिभाषा र (पुनः) दाबी "एक स्वायत्त, स्वशासित समुदाय" को "सामूहिक" मान्यतामा आधारित छ । सवालहरू पनि सोही मान्यताबाटै निर्देशित छन् ।

## सवाल उठान र रूपान्तरण

### *सामाजिक आन्दोलनको दशक*

*नेपाल अधिराज्यको संविधान,* २०४७ ले परिभाषित गरेको "बहुभाषिक, बहुजातीय, प्रजातान्त्रिक मुलुक" मा महासंघले सामाजिक न्यायका लागि जनजाति समुदायको परिचालन गर्‍यो । असार, २०४९ मा भएको महासंघको पहिलो महाधिवेशनले "हिन्दू चाडपर्वहरूको सट्टामा आ-आफ्नै चाडपर्वहरूको पहिचान गरी मनाउने; अनावश्यक खर्चिलो संस्कार त्याग्ने, मातृभाषा शिक्षामा जोड दिने; सरकारी निकायमा निर्वाचित जनजाति समुदायका पदाधिकारीलाई उपेक्षित नहुन सचेत बनाउने; राज्यको स्रोतसाधन र अन्तर्राष्ट्रिय निकायबाट सञ्चालित विकासका परियोजनाहरूप्रति चनाखो भई हक दाबी गर्ने" (छार-म्हेन्दो २०४९ख: ११) उल्लेख गर्‍यो । आदिवासी जनजातिका समस्यालाई प्राथमिकतामा राख्दै बहुसांस्कृतिक राष्ट्रियताको खाका अनुरूप ऐतिहासिक थिचोमिचो, जातीय विभेद, सीमान्तीकरण, विभेदको क्षतिपूर्तिको माग गर्‍यो (फाफ-चार्नेच्का सन् १९९९) । धर्मनिरपेक्षता, पृथक पहिचानको अंगीकार, समान राजनीतिक अधिकार, आरक्षण, संयुक्त राष्ट्र संघले तोके बमोजिम आदिवासी जनजातिहरूको स्वायत्तता र आत्मनिर्णयको अधिकार, मातृभाषाको व्यावहारिक उपभोग/प्रयोगको अधिकार (भट्टचन २०६०) को कुरा उठायो । पचास र साठीको दशकमा आफ्ना सवालहरू बाहिर ल्याउन र सार्वजनिक उपस्थिति दह्रो पार्न आदिवासी जनजातिका सवाल केन्द्रित म्यागेजिनहरू उनीहरूकै पहल र संलग्नतामा प्रकाशन भए (वन्त र हुमागाईं सन् २०१७) । विभिन्न रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण गरिए ।

वि.सं. २०५१ (अगष्ट ९, १९९४) बाट महासंघले विश्व आदिवासी दिवस मनाउन थाल्यो । सामाजिक-सांस्कृतिक तथा अन्तर्राष्ट्रिय महासन्धि केन्द्रित अन्तरक्रिया बाक्लिए । त्यस्ता क्रियाकलापलाई "साम्प्रदायिक"/"राष्ट्र विरोधी" पनि ठहर्‍याइन्थ्यो (भट्टचन २०६०; लामा-तामाङ सन् २००९) । नेपालभाषा र संवतबारे नेवारहरूको सम्मेलन, भाषा-संस्कृति-जातीय अधिकार सम्बन्धी राष्ट्रिय तामाङ सम्मेलन र राष्ट्रिय जन (मंगोल)

[१५] नेपाल आदिवासी जनजाति महासंघको कार्य प्रगति प्रतिवेदन (चैत २५, २०६६ देखि चैत २७, २०६९ सम्म), पृ. ४३ (राई सन् २०१३ बाट उद्धृत) ।

जातिहरूको सम्मेलनप्रति लक्षित गर्दै २०५४ सालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले "साम्प्रदायिक भावना फैलाउनेलाई श्री ५ को सरकारले कहिल्यै छुट दिने छैन" (तामाङ २०६० : ९५ बाट उद्धृत) भने । महासंघले विश्व आदिवासी दिवसको अवसरमा आफ्नो कार्यक्रममा विभिन्न दलका "प्रभावशाली" मानिएका नेताहरूको उपस्थिति गराई जनजाति सवालमा ऐक्यबद्धता र प्रतिबद्धता लिने चलन ल्यायो, जुन कायमै छ । त्यस्ता कार्यक्रमहरूमा बढीजसो जातीय पोशाक-बाहुल्य महिलाहरू सहित प्रदर्शन गरिएका झाँकी, जुलुस, नाचगान, खानपिन, मनोरञ्जनात्मक क्रियाकलाप जस्ता पक्ष आकर्षणको केन्द्र बनाइन्छन् (राई २०७६) ।

वि.सं. २०५२ मा शुरू भएको तत्कालीन नेकपा (माओवादी) को "जनयुद्ध" ले प्राथमिकताका साथ पहिचानको मुद्दा उठायो । विभिन्न दलले आ-आफ्ना जनवर्गीय संगठनलाई विभिन्न समुदायमा विस्तार गर्ने काम तीव्र बनाए । त्यस बखत ती मुद्दाहरू जनजातिको हकहितकै लागि उठाइए भन्ने ठोस आधार थिएन । तैपनि प्रजातान्त्रिक पद्धति र सरकार प्रतिको वितृष्णा र शान्तिपूर्ण आन्दोलनप्रति सरकारको बेवास्तामा तीव्र परिवर्तन चाहने जनजातिहरू प्रभावित बने । त्यसले द्वन्द्वकालीन अस्थिर सरकारलाई समेत चुनौती थप्यो । तत्कालीन सरकारको नीति र कार्यक्रममा आदिवासी जनजातिलाई पनि समेट्न खोजिन्थ्यो । महासंघका तत्कालीन (वि.सं. २०५७–२०६०) महासचिव बालकृष्ण माबुहाङ आफ्नो कार्यकालको एउटा घटना यसरी सम्झन्छन् :

> तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले आश्चर्यजनक तरिकाले २५ वर्षमा जनजातिका सबै प्रकारका समस्या हल गर्ने प्रतिबद्धता जनाए । महासंघका सल्लाहकार डा. हर्क गुरुङसित परामर्श गरेर हामी उनलाई भेट्न गयौँ । भेटमा "डा. गुरुङजस्ता जनजातिका खम्बाको नेतृत्वमा एउटा कार्यदल बनाउँ" भन्ने उनको प्रस्ताव आयो । तर डा. गुरुङले तत्कालीन मन्त्रिपरिषद्कै सदस्य नारायणसिंह पुनलाई अघि सारे । कार्यनीति र कार्यक्रम सहित कार्यदलको नामावली प्रधानमन्त्रीलाई बुझायौँ । मन्त्रिपरिषद् विघटनसँगै कार्यदलको खाका पनि हरायो ।[१६]

राज्यले ५९ आदिवासी जनजातिहरूको पहिचान गर्नु, त्यसपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूको सहयोग प्राप्त हुँदै जानुमा राष्ट्रिय राजनीति र राज्यको स्वार्थले पनि काम

[१६] माबुहाङसँग पुस ३, २०७६ मा गरिएको कुराकानी ।

गरेको थियो। तत्कालीन नेकपा (माओवादी) को चर्किंदै गएको विद्रोहमा जनजाति समूहको बढ्दो सहभागिता कम गर्ने र सरकार टिकाउने ध्याउन्नले समेत काम गरेको थियो।[१७]

गणतान्त्रिक व्यवस्था आएपछि भदौ २९, २०६५ मा नेपाल सरकारले विश्वभरका आदिवासीहरूको हकअधिकार सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी (आईएलओ) महासन्धि नं. १६९ अनुमोदन गऱ्यो। र, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप) ग्रहण गऱ्यो। त्यस पश्चात् आईएलओ महासन्धि र यूएनड्रिप अन्तर्गतका-आत्मनिर्णयको अधिकार, स्वायत्तता, विकासका कुनै पनि परियोजना सञ्चालनका लागि स्वतन्त्र, पूर्व जानकारी सहितको मञ्जुरी, मूर्त अमूर्त आदिवासीय एवं ऐतिहासिक सांस्कृतिक धरोहरको सम्बर्द्धन, प्रथाजनित कानून र परम्परागत संस्थाहरूको पुनर्जीवन वा वैधता आदि सवालमा महासंघले जोड दियो।

## *दातृ निकायको सहयोग र आलोचना*

महासंघले एक दशकभन्दा लामो समय पूर्णतः स्वयंसेवी तवरमा कार्यक्रम र गतिविधिहरू गरेको थियो। मुक्तसिंह तामाङ (सन् २००४) को प्रतिवेदन अनुसार सन् १९९४–१९९५ मा सदस्यता शुल्क, वार्षिक साधारणसभा, व्यक्तिगत सहयोग रकम र ऋण गरी महासंघले खर्च टाऱ्यो। कर्मचारीको तलबमा जम्मा पाँच सय रुपैयाँ खर्चिएको थियो। सन् २००२–२००४ मा सरकारी र गैरसरकारी संस्थाबाट महासंघले सानो आर्थिक अनुदान पाएको देखिन्छ। त्यस बेला कर्मचारीको तलबमा १६ हजार र बाँकी कार्यक्रममा खर्चियो। आदिवासी जनजाति पहिचानले कानूनी मान्यता पाए पनि जनजाति राजनीति वा पहिचानको राजनीतिले कानूनी मान्यता पाउन सकेको थिएन।

वि.सं. २०६३ को अन्तरिम संविधान जारी हुनु अघिसम्म प्रभुत्वशाली जात र तहका व्यक्तिहरूले जनजाति परियोजनालाई नेपाल टुक्राउने कामका रूपमा लेलान् भनेर दातृ संस्था पनि डराउँथे (विश्व बैंक/डीएफआइडी सन् २००६)। दाताको सहयोगले आन्दोलनको मौलिक भावना र मर्म गुम्ने, सवालहरू प्राथमिकताबाट हट्ने, आन्तरिक झै-झगडाको सम्भावना हुने जनजाति आन्दोलनका अगुवाहरू तर्क गर्थे (भट्टचन सन् २००४)। यद्यपि

[१७] वि.सं. २०५४ मा "साम्प्रदायिक भावना फैलाउनेलाई छुट नदिने" अभिव्यक्ति दिने प्रधानमन्त्री सूर्यबहादुर थापाकै अध्यक्षतामा २०५९ सालमा "आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान" गठन हुनु संयोग थिएन। माबुहाङले प्रतिष्ठान गठनको सन्दर्भ थप खुलाए, "माघबाट राष्ट्राध्यक्षको हैसियतमा आइसकेपछि फागुनमा राजाबाट 'भेट्न आउनु' भन्ने खबर पाएँ। भेटमा अविलम्ब प्रतिष्ठान गठनको माग राखेँ। लगत्तै, स्थानीय विकास मन्त्रालयका सचिव खेमराज नेपालले 'जनजाति विकास समिति' का कार्यकारी अधिकृत शिवराज मैनाली मार्फत प्रतिष्ठान गठन प्रक्रियाको थालनी गरे।" माबुहाङसँग पुस ३, २०७६ मा गरिएको कुराकानी।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायको आर्थिक सहयोग वा लगानीमा सबैको बराबरी हक रहेको भन्ने महासंघको मान्यता थियो ।

सन् २००४–२००८ सेप्टेम्बरसम्म महासंघले १९ करोड बराबरको बेलायती सहयोग नियोग (डीएफआइडी)/इएसपीको सहयोगमा जनजाति सशक्तीकरण परियोजना (जेप) सञ्चालन गऱ्यो । त्यस बेला महासंघमा आबद्ध ४८ जनजातीय समुदायमध्ये २५ ओटाभन्दा बढी संस्थाको सामाजिक-आर्थिक स्थिति एकदम नाजुक थियो । तत्कालीन महासचिव माबुहाङका अनुसार, “विशेष गरी तराई भेगका मेचे, धिमाल, राजवंशी, कोचे, ताजपुरिया आदिका जातीय संस्था गोजीमै बिलाएको थियो । कुखुरा बेचेर, ज्याला मजदुरी गरेर, सापटी लिएर, ऋण काढेर संघीय परिषद् बैठकमा आउथे । त्यसैले कमजोर समूहहरूको सुदृढीकरणका लागि स्रोत जुटाउनु आवश्यक ठान्यौँ ।”[१८]

महासंघको सांगठनिक विस्तार एवं सवलता, दक्ष जनशक्ति उत्पादन र परिचालनमा जेपले टेवा दियो । जनजातीय संघ-संस्थाहरूको “भिजिबिलिटी” बढायो । जेपकै सहयोगमा आदिवासी जनजाति केन्द्रित कानूनी र सूचनामूलक सामग्री उत्पादन गरी विभिन्न माध्यममा प्रकाशन र प्रचार प्रसार गरिए । केही जनजातीय समुदायबारे अध्ययन-अनुसन्धान भए । जेप अन्तर्गत महासंघको ५७ जिल्ला समन्वय परिषद् र लगभग दुई हजार गाविसका गाउँ समन्वय समितिहरू समेटिए (सुब्बा, राई र गुरुङ सन् २००९) । जातीय संगठनहरूले दातृ निकाय तथा अन्तर्राष्ट्रिय गैससहरूको स्रोतसम्म पहुँच र सम्पर्क राख्न थाले (ईएसपी सन् २००९) । सामाजिक-आर्थिक आधारमा वर्गीकृत पाँच समूह मध्येका सीमान्तकृत, अति सीमान्तकृत र लोपोन्मुख समुदाय लक्षित कार्यक्रम तथा क्रियाकलापहरू प्राथमिकतामा पर्दै गए । त्यसले जनजाति आन्दोलनको नेतृत्वलाई सीमान्तकृत समुदायतर्फ रूपान्तरित गर्न समेत प्रेरित गऱ्यो ।

नेपालको सन्दर्भमा पहिलोपल्ट आदिवासी जनजातिले आफ्नो निम्ति आफैले खर्च गरी अन्तर्राष्ट्रिय दातृ निकायबाट परियोजना पाउँदा त्यो चौतर्फी चासो/बहसको विषय बन्यो । सन् २०११ मा पहिचान, संघीयता, राज्य संरचना तथा राज्य शक्ति बाँडफाँटबारे संविधानसभा भित्र र बाहिर सबै सरोकारवालाबीच गम्भीर छलफल चल्दा र मतभेद देखिँदा पहिचानको आधारमा संघीयताको पक्षमा उभिदै महासंघले व्यापक नेपाल बन्द सहितको चरणबद्ध आन्दोलन गऱ्यो । यसपछि दोस्रो चरणमा जेपबाट डीएफआईडीले हात झिक्यो (खरेल, थापा र सिजापति सन् २०१६) । राष्ट्रिय बहस, संविधान निर्माण तथा राजनीतिमा जातीय पहिचानको बहस चर्किदा नेपालमा जातीय द्वन्द्व चर्काउन र विखण्डन ल्याउन अन्तर्राष्ट्रिय दातृ निकाय (डीएफआईडी) ले सहयोग गरेको आरोप पनि लाग्यो (खनाल २०७३ : २८५–३३८) ।

[१८] माबुहाङसँग पुस ३, २०७६ मा गरिएको कुराकानी ।

महासंघले आफ्नै जनजातीय संस्था तथा सञ्जाल मार्फत परियोजना सञ्चालन गरेपछि यसले संस्थागत सुदृढीकरण एवं सवालगत सवलीकरणमा टेवा दियो । तर सहयोगले संस्थागत सुदृढीकरण, आन्दोलनको दीर्घायुपन र अति सीमान्तकृतहरूको जनजीविकामा अपेक्षाकृत परिणाम ल्याउनु अघि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीतिक माहौल प्रतिकूल बन्न पुग्यो । युरोपियन र बेलायती सरकारको स्वार्थ अनुरूप नेपालमा जातीय पहिचानको मुद्दा उचालेर राज्यमा कलह र विखण्डन ल्याउन परिचालित भएको आरोप लाग्यो (खनाल २०७३) । त्यस पश्चात् भने यति ठूलो परिमाणको आर्थिक सहयोग महासंघले प्राप्त गरेको छैन ।

ठूलो मात्रामा दाताको आर्थिक सहयोग नभएपछि महासंघको क्रियाकलाप खुम्चियो । यद्यपि आदिवासी जनजातिका सवाल निरन्तर उठाउनुको विकल्प महासंघसँग थिएन । महासंघले आदिवासी जनजाति र जल, जंगल र जमीन सँगको अन्तरनिर्भर सम्बन्धमाथि जोड दिँदै जलवायु परिवर्तन र वन फँडानी तथा विनाशबाट हुने कार्वन उत्सर्जनको कटौती (रेडप्लस) कार्यक्रम थाल्यो । निरन्तर खबरदारीका लागि महासंघले केन्द्र, प्रदेश, जिल्ला र गाउँ समन्वय परिषद् तथा महासंघ सम्बद्ध जनजातीय संगठनहरूसँग जलवायु परिवर्तन र रेडप्लस कार्यक्रम एवं भूमि तथा प्राकृतिक स्रोतजस्ता सवालहरूमा साझेदारी कायम राख्यो ।[१९] यद्यपि स्रोत साधनमा आत्मनिर्भर हुने, संस्थागत विकास-क्रियाकलाप र जनजाति आन्दोलन हाँक्ने दीर्घकालीन स्पष्ट खाका र रणनीति भने महासंघसँग भएन ।

## *सवालगत राजनीतिक रूपान्तरण*

नेपालमा राजतन्त्रको अन्त्य र गणतान्त्रिक पद्धतिको पूर्वतयारीको राजनीतिक र सामाजिक माहौलमा महासंघले क्रमशः जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, पहिचानको आधारमा राज्यको पुनर्संरचना र पहिचानको राजनीतिमा आफ्नो सवाल केन्द्रित गर्‍यो । यी सवाल उठाइरहँदा महासंघको आन्तरिक अभ्यास पनि विवादमुक्त रहेन । राजा ज्ञानेन्द्रको शाही घोषणामा "तटस्थता" अपनाएर महासंघले प्रेस वक्तव्य जारी गर्‍यो । महासंघ स्थापनामा भूमिका खेलेका र जातीय मुद्दा लगातार उठाएका नेता गोरेबहादुर खपांगी मन्त्रिपरिषद् सदस्य बने । महासंघको तत्कालीन महासचिव बालकृष्ण माबुहाङको "तटस्थपन" लाई राजतन्त्रको पक्षधरताको व्याख्या गरियो । संस्थापक सदस्य नेपाल तामाङ घेदुङ संघले महासंघको चौथो महाधिवेशनबाट बनेको सचिवालय र नेतृत्वको

[१९] "जलवायु परिवर्तन साझेदारी कार्यक्रम" का राष्ट्रिय संयोजक टुंग भद्र राईसँग पुस १८, २०७६ मा गरिएको कुराकानी ।

वैधानिकतामाथि प्रश्न उठाउदै आएको थियो । माबुहाङले तत्कालीन राजासँग भेटेपछि महासंघभित्र पहिलेदेखि रहिआएको उक्त आन्तरिक मतभेद चर्कियो र बाहिर आयो ।[२०]

मुलुक गणतन्त्रमा प्रवेश गरेपछि महासंघ र जनजाति आन्दोलनको ध्यान संघीयता र नयाँ संविधानमा आदिवासी जनजातिको पहिचानमा केन्द्रित भयो । आदिवासी जनजातीय संघ-संगठनहरूसँगै सीमान्तकृत, बहिष्कृत आन्दोलनरत समूह र विभिन्न राजनीतिक दल र राज्य तथा सरकारी निकाय सँगको सहकार्य र समन्वयलाई व्यापक बनाए । आदिवासी जनजातिका विभिन्न मुद्दामा छलफल गर्ने सवालमा यी संस्थाहरू अग्रसर भए । *नेपालको अन्तरिम संविधान,* २०६३ ले समावेशी समानुपातिक सिद्धान्त अंगीकार गरेपछि जनजाति आन्दोलन स्वायत्तता, स्वशासन, सकारात्मक विभेद, पहिचानको आधारमा संघीयता, आत्मनिर्णयको अधिकार, भाषिक-सांस्कृतिक-प्राकृतिक स्रोत-साधनमाथिको अधिकार आदि सवाल सहित सडक-सदनमा बढी केन्द्रित रह्यो (सुब्बा सन् २०१०) ।

अन्तरिम सरकारले महासंघसँग साउन २२, २०६४ मा २० बुँदे सहमति र जेठ ९, २०६९ मा ९ बुँदे सम्झौता गऱ्यो । वि.सं. २०६४ मा भएको सहमतिको पहिलो र दोस्रो बुँदामा सबै जातजातिको समानुपातिक समावेशिताको आधारमा राज्य संरचनामा प्रतिनिधित्व र न्यूनतम एक जाति एक प्रतिनिधित्व गराउने भन्ने थियो । दुवै सहमतिको साझा विषय भने मिश्रित निर्वाचन प्रणालीमा ६० प्रतिशत समानुपातिक र ४० प्रतिशत प्रत्यक्ष प्रतिनिधित्व हुने निर्वाचन प्रणालीको अवलम्बन गर्नु रहेको थियो । सहमतिका ती विषयहरू पालना गर्न गराउनकै लागि महासंघ र जनजाति आन्दोलनले सम्बन्धित निकाय र व्यक्तिहरू समक्ष बारम्बार आवाज उठायो ।

[२०] सोही सन्दर्भमा मुक्तसिंह तामाङले भनेका छन् कि लोकतान्त्रिक व्यवस्थाबिना महासंघ र जनजाति आन्दोलनको संघर्ष सम्भव नहुने विचार सहित एक सचिवालय सदस्यले राजीनामा दिए (तामाङ सन् २००४), जबकि महासंघका पूर्वमहासचिव परशुराम तामाङले आफ्नो कार्यकाल पश्चात् तामाङ घेदुङलाई सदस्यबाट निष्काशित गर्ने प्रयास गरिएको आरोप लगाएका छन् (तामाङ २०७७) । यो घटनालाई तत्कालीन महासचिव बालकृष्ण माबुहाङले आफ्नो कार्यकालको एउटा अप्रिय निर्णय भनेका छन् । माबुहाङका अनुसार उनले महासचिवको जिम्मेवारी सम्हालेदेखि नै तामाङ घेदुङले जनजाति महासंघको सचिवालय र महासचिवलाई अवैधानिक मान्थ्यो । सोही अवैधानिक मानेको सचिवालयले जनजाति प्रतिष्ठानको सञ्चालक परिषद्को सदस्यमा तामाङ घेदुङलाई सिफारिस गर्नु नैतिक नठहरिने हुँदा निष्कासनको प्रक्रिया थाल्नुपरेको थियो । उक्त निर्णय खारेज गर्न तामाङ घेदुङले जनजाति महासंघ र तत्कालीन राष्ट्रिय जनजाति विकास समिति विरुद्ध परमादेश जारी गर्न रिट हाल्यो । अन्ततः जनजाति महासंघको संघीय परिषद् बैठक बसी तामाङ घेदुङले महासंघ सचिवालय र महासंघलाई अवैध नमान्ने र सचिवालयले पनि निष्काशनको प्रक्रिया फिर्ता लिने सहमति गरी उक्त विवाद सुल्झाइयो (माबुहाङ २०७७) ।

२०६४ सालको संविधानसभाले जातीय जनसंख्याको अनुपातमा समानुपातिक निर्वाचन प्रणाली अपनाएपछि पहिलो संविधानसभामा आदिवासी जनजाति सहित बहिष्कृत र सीमान्तकृतहरूको बाक्लो उपस्थिति भयो।[२१] महासंघका तत्कालीन अध्यक्ष तथा सभासद् पासाङ शेर्पाले संविधानसभाभित्र माघ १९, २०६५ मा गठित "आदिवासी जनजाति सभासद् सभा (ककस)" को पहलकदमी लिए। आन्दोलनको एजेन्डालाई "ककस" को माध्यमबाट संविधानमै सुनिश्चित गर्ने कसरत स्वरूप संघीयता, राज्य पुनर्संरचनाको आधार निर्धारण, सीमांकन, नामांकन तथा प्रत्येक समितिको मस्यौदामाथि आदिवासी जनजातीय सरोकारका विषयहरू समेटेर संविधानसभालाई लिखित सुझाव दिइयो (आदिवासी जनजाति सभासद् सभा [ककस] २०६८)।

जेठ १५,२०६९ मा पहिलो संविधानसभा विघटन भएसँगै संविधानको मस्यौदा पनि त्यागियो। मस्यौदा माथिका सुझावहरू "ऐतिहासिक" दस्तावेज भए। २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा राजनीतिक समीकरण फेरिएसँगै आदिवासी जनजाति सभासद्हरूको उपस्थिति ४.५ प्रतिशतले घट्यो। संविधानसभामा "ककस" गठनले मान्यता पाएन। यसै बेला महासंघको नेतृत्व पनि सीमान्तकृत क्षेत्र र समुदायतर्फ हस्तान्तरण हुने क्रम जारी रह्यो। साथै, अर्कोतिर प्रभावशाली भनिएका दलको ह्वीप बलियो हुँदै सीमान्तकृतहरूका आवाज र सवालहरू क्रमशः कमजोर बन्दै गए। पहिचानको आधारमा राज्यको पुनर्संरचना हुनुपर्ने महासंघको बलियो अडान सार्वजनिक वैचारिक प्रस्तुतिमा सीमित हुनपुग्यो। तैपनि राजनीतिक संरचनागत संयन्त्र मार्फत नै सवालहरू सम्बोधन गरिने जनजाति विज्ञ, नेता तथा आन्दोलनकारीहरूको प्रयत्न कायम रह्यो।[२२]

## आलोचित नेतृत्व र कमजोर महासंघ

वि.सं. २०७० पछि साख खस्केको, नेतृत्व कमजोर बनेको, मुद्दाहरूको प्राथमिकीकरण गर्न चुकेको र दलीयकरण हाबी भएको, आन्तरिक द्वन्द्व र विभाजनमा फसेको (चेम्जोङ २०७५) भनी महासंघ आलोचित भयो। यो हुनुको आन्तरिक कारण छन्। महासंघ गठनको आधा दशकभित्रै नेतृत्व पंक्तिबीच आपसी मतभेद शुरू भयो (सुन्दर २०७४)। महासंघको अवधारणा समुदाय स्तरमा कार्यान्वयनमा लान नसकेको र अभियानमा केन्द्रित हुनुको सट्टा

[२१] सोही संविधानसभामा आदिवासी जनजातिको अन्तर्राष्ट्रिय कानून अनुरूप नेपालका आदिवासी जनजातिहरूले स्वतन्त्र रूपमा चुनेका प्रतिनिधि सहभागी नगराइएको र सबै जनजातीय समुदायको प्रतिनिधित्व नभएको कुरामा आदिवासी जनजाति वकिलहरूको समूह, लाहुर्निप; महासंघ सहित अरू १८ ओटा जनजातीय संस्थाले रिट हालेका थिए।

[२२] पद्मरत्न तुलाधरको संयोजकत्वमा गठित "आदिवासी जनजाति राष्ट्रिय आन्दोलन" ले जनजातिका सवालहरूमा राजनीतिक दबाब दिने कार्य त्यस्तै एउटा प्रयत्न थियो।

अन्तर्राष्ट्रिय तहमा सहभागिता जनाउन र शहर केन्द्रित सभा सेमिनारमा जोड दिइएको र संस्थामा पारदर्शिताको अभाव भएको विषयमा मतभेद शुरू पनि भयो । यस्ता मतभेदले महासंघको क्रियाकलापमा प्रभाव पार्‍यो । उदाहरणका लागि अगष्ट ९, २००१ को विश्व आदिवासी दिवस दुई खेमाले भिन्दाभिन्दै मनाए । मातृभाषामाथि सर्वोच्च अदालतबाट लागेको बन्देज विरुद्धमा दुइटा जुलुस निस्के । शुरूआती अवस्थामै रहेको संगठन र आन्दोलन अघि बढ्नैपर्ने हुँदा नेतृत्वले महासंघभित्र "प्रजातान्त्रिक कार्यशैली अपनाउने, आर्थिक पारदर्शिता कायम राख्ने, संघीय परिषद्प्रति उत्तरदायी हुनुपर्ने" जस्ता समझदारी गरी विवाद सुल्झाउन प्रयत्न गरे ।

आन्तरिक विवाद नसुल्झिदै वाम दलहरूले आफ्नो क्षेत्राधिकार बढाउँदै कार्यकर्ता उत्पादनका लागि आदिवासी जनजाति जनसंख्या केन्द्रित क्रियाकलाप र भातृसंगठनहरू निर्माण गर्दै लगे । "जनयुद्ध" ले जनजाति जनशक्ति मात्रै होइन सवाल पनि खोसेकाले (तामाङ सन् २००४) महासंघको शान्तिपूर्ण सामाजिक आन्दोलन संयमित र संगठित रूपमा अघि बढाउन चुनौती थपियो । त्यस बेला महासंघले कुनै पनि दलसँग सम्बद्धता नराखी, दलीय सिद्धान्तमा तटस्थ रही शान्तिपूर्वक ढंगमा अघि बढ्ने अडान लियो । दलहरूलाई पनि त्यस बेला आदिवासी जनजातिका सवाल उठाउन एक खालको दबाब पनि थियो (गेल्नर र कार्की सन् २००८) ।

पहिलो संविधानसभा विघटन भए पश्चात् पुराना सत्तासीन र प्रतिपक्षी दल या दलकै सहकार्यमा आदिवासी जनजातिका मुद्दा उठाउने या आफ्नै नयाँ राजनीतिक दल खोल्ने भन्ने दुई ओटा विकल्प महासंघ समक्ष रह्यो । अन्ततः यी दुवै विकल्प महासंघको लागि प्रभावहीन रहे । सत्तासीन र प्रतिपक्षी दलहरू जनजातिको समर्थन पाउन र जनसंख्या परिचालनसँग सरोकार राख्थे । पहिचानको राजनीति मान्य भएपछि महासंघकै नेतृत्वकर्ताहरूको पहलमा राजनीतिक दल पनि खोलिए । परशुराम तामाङको नेतृत्वमा ताम्सालिङ-नेपाल राष्ट्रिय दल, पासाङ शेर्पा लगायतका व्यक्तिको पहलमा सामाजिक लोकतान्त्रिक पार्टी, राजकुमार लेखीको नेतृत्वमा गठन भएको नागरिक समाजवादी पार्टी यसका केही उदाहरण हुन् । विडम्बना, ती दलहरूले आफ्नो अस्तित्व समेत जोगाउन सकेनन् । आदिवासी जनजाति केन्द्रित मुद्दा बोकेर गठन भएका अन्य दलहरूको अवस्था पनि सन्तोषजनक भएन (घर्ति मगर २०७५) ।

विभिन्न दलहरूभित्र गठित जनजाति भ्रातृ संगठनहरूले आदिवासी जनजाति सवालमा चासो दिएनन् (शेर्पा २०७१) । दलहरूले जनजाति आन्दोलन हाँक्ने सचिवालयको भूमिकामा रहेको महासंघको नेतृत्व र नेतृत्व मार्फत परिचालन गर्न सकिने समुदाय लक्षित रणनीति अवलम्बन गरे । आन्दोलनको सवालप्रति उदासिन रहे । महासंघका नेतृत्व पंक्ति दलको प्रतिनिधिको रूपमा अघिल्लो संविधानसभामा संलग्न भएपछि समावेशिता, संघीयता,

स्वायत्त क्षेत्र, विशेषाधिकार लगायतका सवालहरूमाथि दबाब सिर्जना भए झैँ देखियो । वि.सं. २०७० को निर्वाचनबाट बनेको दोस्रो संविधानसभामा ती सवालहरूको उपादेयता शुन्यमा परिणत गरिएसँगै दबाब क्षणिक भएको पुष्टि भयो । त्यस बेला आदिवासी जनजातिहरूको सवाल संविधानसभा मार्फत नै सम्बोधन गरिनु एकमात्र उपयुक्त बाटो हो भन्ने जनअपेक्षा महासंघ र जनजाति आन्दोलनले नै जगाएको थियो । जनजातीय सवालहरूको राजनीतिक सम्बोधनको पहल गर्ने क्रममा सवालको राजनीतिक रूपान्तरण कार्यभन्दा महासंघ र जनजाति आन्दोलनमा दलीय हस्तक्षेप निम्त्याउने सहज अवस्था बन्दै गयो ।

असोज ३, २०७२ मा जारी गरिएको नेपालको संविधानमा तत्कालीन महासंघ अध्यक्ष नगेन्द्र कुमाल (नेपाली काँग्रेसबाट सभासद्) र महासचिव पेम्बा भोटे (नेकपा एमालेबाट सभासद्) ले हस्ताक्षर गरेपछि महासंघको गरिमा, नेतृत्व र जन परिचालन क्षमतामा प्रभाव परेको प्रस्टै देखियो । महासंघका वर्तमान उपाध्यक्ष गोविन्द छन्त्यालले भने, “नगेन्द्र कुमालको कार्यकालमा हाम्रै मुद्दाहरूलाई ‘त्यागिदिएको’ अवधि हो । यसको शुरूआत पहिले नै भइरहेको थियो । वि.सं. २०६२–२०६३ पछाडिका महाधिवेशनपछि (पासाङ शेर्पाको पालादेखि) एक शक्तिको रूपमा उदाउदै गर्दा महासंघ दलको कोपभाजनमा पर्न थालेको हो । हाम्रो पालासम्म आइपुग्दा पनि त्यही भइरहेको हो ।”[२३] संविधान जारी भएको चार दिनपछि असोज ७, २०७२ मा महासंघका पूर्वप्रमुखहरू सुरेश आले मगर, परशुराम तामाङ, ओम गुरुङ, पासाङ शेर्पा र राजकुमार लेखीले पत्रकार सम्मेलन गरे । सम्मेलन मार्फत उनीहरूले आदिवासी जनजातिहरूको सम्पूर्ण अधिकार खोसिएको संविधानमा हस्ताक्षर गरेकोले महासंघको पदबाट कुमाल र भोटेको राजीनामा मागे (अनलाइनखबर २०७२क ) । प्रतिउत्तरमा महासंघको केन्द्रीय समिति, पदाधिकारी र संघीय परिषदमा एकतिहाई बहुमत पुऱ्याउन पेम्बा भोटेले चुनौती दिए (अनलाइनखबर २०७२ख) । नेता/नेतृलाई मात्रै ग्रहण गरी आन्दोलनको नेतृत्व खोसेपछि आन्दोलन लक्ष्यभन्दा अन्तै मोडिएको र गति भंग भएको कुरा यसले औँल्याउँछ ।

गणतान्त्रिक व्यवस्थामा आएर महासंघले सवालहरूको राजनीतिक रूपान्तरण उचित तवरले गर्न सकेन । बालकृष्ण माबुहाङले आफ्नो कार्यकालको स्मरण गर्दै भने, “शुरूमा मलाई कसैले पत्याउदैनथे । मैले महासंघको महासचिवको हैसियतमा आफ्नो स्थान बनाउनु पऱ्यो । विज्ञहरू सबैलाई भेला पारेर महासंघ सल्लाहकार समूह बनाएँ । उहाँहरूलाई अघि सारेर सम्बन्धित निकाय, व्यक्तिहरूसँग ‘डिल’ गर्न थालेँ । बल्ल मेरो कुराको सुनुवाइ हुन थाल्यो ।”[२४] महासंघ नेतृत्वले यही शैली अपनाएको भए पनि पछिल्लो समय, खास

[२३] साउन १२, २०७६ मा मार्टिन चौतारीमा “आदिवासी जनजाति आन्दोलन : विश्लेषण र भावी दिशा” विषयको प्रस्तुतिबाट ।

[२४] माबुहाङसँग पुस ३, २०७६ मा गरिएको कुराकानी ।

गरी २०७० सालपछि सल्लाहकार वा विज्ञ समूह औपचारिक/अनौपचारिक रूपमा गठन नगरिएको हुँदा सल्लाह सुझाव लेनदेनको संस्थागत अभ्यासले निरन्तरता पाएन। बदलिँदो सन्दर्भमा वैचारिक वा सैद्धान्तिक रूपमा बाटो पहिल्याउने सामूहिक पहल महासंघले गर्न सकेन। बरु, महासंघको नेतृत्व पंक्ति संस्था र आन्दोलनका लागि प्रतिरक्षात्मक अवस्थामा उभिए। महासंघले मुलुकमा सशस्त्र द्वन्द्व चर्केको बेलामा सबैभन्दा ठूलो राशीको परियोजना सञ्चालन गऱ्यो। त्यसले एकतिर आदिवासी जनजातिको भलाइभन्दा राज्य विद्रोही "जनयुद्ध" को शक्ति बढाउने समुदायको संलग्नताको सम्भावना न्यूनीकरण गर्न भूमिका खेल्यो। अर्कोतिर, जनजाति आन्दोलनको मुद्दा दाताको परियोजना निर्देशित रहेको भन्न सकिने आधार दियो। डीएफआईडीले बीचैमा परियोजना रोकेपछि उत्पन्न बहसहरूमा जनजातिका सामाजिक संगठनहरू दाताको "कठपुतली" बनेको आरोप लाग्यो। महासंघका तत्कालीन अध्यक्ष राजकुमार लेखीले दाताहरूको स्वार्थ अनुरूप नचलेकाले उक्त परियोजना रोकिएको सार्वजनिक रूपमै भने (खनाल २०७३)।

"फुटाउ र राज गर" को अर्को रणनीति महासंघ र आन्दोलनको चिन्ताको विषय हो। महासंघमा आबद्ध हरेक जातीय संगठनहरू समान र स्वायत्त छन्। स्वायत्तताका लागि थारूले थारू आन्दोलन, लिम्बूले लिम्बुवान आन्दोलन, तामाङले ताम्सालिङ आन्दोलनमा आफ्नो शक्ति खर्चंदै आए। त्यसबाट आफ्नो नेता आफै बन्ने अवसर सिर्जना भयो। जनजाति आन्दोलनको एकीकृत शक्ति र ध्यान पनि विभाजित भयो। एकापसकै सवाल र मुद्दामा अपनत्व र एक्यबद्ध हुने सम्भावना जटिल र चुनौतीपूर्ण भयो। महासंघले यो जटिल अवस्थालाई सहज बनाउन र चुनौती पन्छाउन सकेन।

महासंघको महाधिवेशन पनि धेरै खर्चिलो र अति प्रतिस्पर्धात्मक हुने गरेको छ। नेतृत्वका लागि आवश्यक भावी योजना, कार्यक्रम र रणनीतिभन्दा पनि दलीय र जनजातीय संगठनबीच गुटबन्दीको आधारमा शक्तिको आकलन गरी उम्मेदवार बन्ने र जित्ने प्रवृत्ति हाबी छ। महासंघका पूर्व नेतृत्व, आदिवासी जनजाति विज्ञदेखि आन्दोलनकर्ता समेतले पछिल्लो समय महासंघ दलको चलखेल गर्ने थलो र नेतृत्वकर्ताहरू चलखेलको उपकरण बनेको आरोप हाकाहाकी लगाउने गर्छन्।

जातीय जनसंख्याका आधारमा "ठुला" र "साना" समूहको आन्तरिक फुट (चेम्जोङ २०७५) ले पनि नेतृत्व चयनमा प्रभाव पारेको छ।[२५] २०७० सालमा सम्पन्न आठौँ महाधिवेशनमा "साना" जनसंख्याले "ठुला" जनसंख्या लाई हराएको बुझाइ पनि छ (गुरुङ

[२५] "ठुला" जनसंख्यावाला—मगर, तामाङ, थारू, राई, लिम्बू, नेवार, शेर्पा, गुरुङ—को जातीय समूहलाई "जी-८" को संज्ञा समेत दिइयो।

र विश्वकर्मा सन् २०१४) ।[२६] जातीय जनसंख्याको आकार बेवास्ता गर्दै प्रत्येक जातीय प्रतिनिधि संस्थालाई समान मताधिकार दिइँदा ठुला जनसंख्यामाथि न्याय हुन नसक्ने तर्क छ । नेतृत्व मार्फत परिचालित निश्चित जातीय जनसंख्याले आन्दोलनलाई कति शक्ति दिन्छ भन्ने प्रश्न मार्फत यो तर्कलाई पुष्टि गरिन्छ । यस्तो पुष्ट्याइले जनजातीय समुदाय भित्रको विषमता र विविधता व्यवस्थापन, नेतृत्वको सामर्थ्य विकास र अपनत्व ग्रहण प्रक्रियाको गहनतालाई सतही बनाइदिन्छ ।

## निष्कर्ष

जनजाति आन्दोलन कमजोर बन्नुमा जनजाति महासंघ एक्लै जिम्मेवार छैन । तर, जनजाति महासंघले आफै भित्रको आन्तरिक कमजोरीको उचित व्यवस्थापन र प्रतिकूल बाह्य सामाजिक-राजनीतिक चलखेल र परिस्थितिको सही आकलन गरी सोही अनुरूपको रणनीतिक कदम चाल्न नसक्दा आन्दोलन कमजोर बन्यो भन्ने कुरा स्पष्ट छ । यद्यपि समावेशी समाज निर्माणमा खबरदारी गर्दै महासंघले नेपालका आदिवासी जनजाति समुदायलाई राज्यको नजरमा “भिजिबल” बनाउन भूमिका खेल्यो ।

महासंघको शक्ति क्षयीकरणको कथाले नागरिक समाजको रूपमा एउटा संगठनले प्रतिरोधी शक्तिको रूपमा राज्य र बृहत् समाजलाई खबरदारी गरिरहँदा संगठन स्वयं आन्तरिक रूपमा सशक्त हुनुपर्ने तथा राज्यको नीति, योजना र कार्यक्रम एवं राजनीतिक गतिविधिहरूको प्रत्यक्ष प्रभाव धान्ने क्षमताको स्व-विकास गर्नुको विकल्प नरहेको वास्तविकता उजागर गरेको छ । त्यस्तै, संगठनको क्रियाकलाप बढाउन दातृ निकायको आर्थिक सहयोगको भूमिका महत्त्वपूर्ण रहे पनि त्यसले संगठन र संगठनले उठाएको आन्दोलनलाई दीर्घायु बनाउन गाह्रो हुने देखायो । राज्य र बृहत् सामाजिक संरचना भत्काई नयाँ निर्माणका लागि प्रतिरोधी शक्ति पैदा गरिरहने नेतृत्व पंक्ति, जनशक्ति, सांगठनिक वैचारिक एवं सैद्धान्तिक आधार र रणनीति महत्त्वपूर्ण छन् । यी पक्षहरू कमजोर हुँदा प्रतिपक्षी समूहको रूपमा राज्य र मूलप्रवाहलाई दबाब दिने महासंघको शक्ति नै क्षय भएको अवस्था छ ।

त्यस्तै, महासंघको आन्तरिक विकास र रूपान्तरण पनि उत्तिकै महत्त्वपूर्ण पाटो हो । राज्य र गैरजनजातीय समाजले महासंघको सिद्धान्त, संरचना, नेतृत्व, रणनीति, सामूहिकता र कार्यक्रमलाई साम्प्रदायिक वा जातीय घेरामै राखेर बुझ्ने गरेका छन् । जनजातीय मौलिक प्रथा परम्पराहरूको वकालत गर्ने भए पनि महासंघको संरचना, कार्यक्रम र कार्यशैलीमा भने जनजातीय समुदायमा आधारित मूल्य-मान्यता, चरित्र झल्किदैन । जातीय स्वशासन र समतामूलक समाजको परिकल्पना गर्ने महासंघ आफैले लोकतान्त्रिक पद्धति आत्मसात

[२६] महाधिवेशनमा दुई प्रतिस्पर्धी चन्द्रविक्रम राई र नरेश ताम्राकारलाई उछिन्दै नगेन्द्र कुमाल महासंघ अध्यक्ष चुनिएका थिए ।

गरेको छैन । विधानतः जातीय संस्था शक्तिशाली मानिए पनि संस्थागत शक्ति केन्द्रीय सचिवालय, केन्द्रीय नेतृत्व र संघीय परिषदमा सीमित छ । केन्द्रको सूचना, नियम, परिपत्र र कार्यक्रमहरूमै जातीय संस्था तथा तहगत अंगहरू बढीजसो निर्भर रहे । त्यसो भए पनि महासंघको नेतृत्वदायी भूमिका सशक्त बन्न सकेन । आन्दोलनलाई संयोजित स्वरूपमा ढाल्न सकेन । अनेक सवाललाई एकीकृत, समय सापेक्ष बनाउन र उचित प्राथमिकता दिन चुक्यो । जनजाति आन्दोलनले उठाएको समानुपातिक समावेशिताको मुद्दा पनि भौतिक उपस्थितिमा सीमित रह्यो । आन्तरिक संरचनालाई समावेशी बनाउने नाममा महासंघको माथिल्ला तहमा जातीय, क्षेत्र र विषयगत प्रतिनिधित्वलाई पनि अंक गणीतीय कोणबाट उठायो । संख्यात्मक प्रतिनिधित्वको जोडबलले महासंघको नेतृत्व सुविधा वञ्चित समुदायबाट क्रमशः नयाँ पुस्ता, सीमान्तकृत र अति सीमान्तकृत समुदाय (पुरुष) तर्फ रूपान्तरित भयो, तापनि लैंगिक र विविध प्रतिनिधित्व हुने संरचनागत स्वरूपको विकास भएन ।

महासंघको नेतृत्व र जनजाति आन्दोलनका बलिया खम्बाहरू धेरैजसो प्राज्ञिक/बौद्धिक कर्म तथा ज्ञान उत्पादनमा संलग्न थिए । तर आन्दोलन भने "एक्टिभिजम्" (पैरवी) शैलीमा सीमित रह्यो । सडक-सदन आन्दोलन, प्रशिक्षण शैलीका छलफल-बहस-कार्यशाला,जानकारी/सचेतनामूलक सामग्री प्रकाशन-सम्प्रेषणमै बढी शक्ति, स्रोत र ज्ञान खर्चियो । आदिवासी जनजातिहरूको "सामूहिक अधिकार" को महत्त्व र अनिवार्यताबारे राज्य र बाह्य समाजलाई प्रस्ट पारिएको छैन । आन्दोलनलाई वैचारिक एवं सैद्धान्तिक पृष्ठपोषण गर्न आवश्यक अध्ययन, अनुसन्धान र बहस अभ्यासको संस्कृति विकास भएन । तथ्य/तथ्यांकमा आधारित सवाल र तर्कहरू निर्माण, प्रस्तुति र प्रयोगमा ध्यान पुऱ्याएन । संस्थागत तवरमा सम्पन्न गरेको कामकाजहरूको "इन्टिच्यूसनल मेमोरी" का लागि अभिलेखीकरणको काम गरिएन । यस्ता विचार निर्माण, पुनर्निर्माण र दस्तावेजीकरणका अभ्यास आन्दोलन सशक्त बनाइराख्न चाहिने आवश्यक पक्षहरू हुन् । महासंघको संरचनात्मक एवं कार्यात्मक रूपान्तरण र सवालगत स्पष्टताका लागि यो एउटा सम्भावना सहितको उपयुक्त माध्यम हो ।

## धन्यवाद

यो लेखको मस्यौदामाथि टिप्पणी गरी परिमार्जन गर्न सघाउनुहुने प्रत्यूष वन्त, हर्षमान महर्जन र महेशराज महर्जन, अनि आवश्यक सूचना र सामग्री उपलब्ध गराउनुहुने गोविन्द छन्त्याल र अध्ययनको क्रममा आ-आफ्ना गहन विचार-विश्लेषण उपलब्ध गराउनुहुने सबैलाई धन्यवाद छ ।

## सन्दर्भ सामग्री

अनलाइनखबर । २०७२क । पूर्व प्रमुखहरूले जनजाति महासंघका अध्यक्ष र महासचिवको राजीनामा मागे । www.onlinekhabar.com/2015/09/330560 मा उपलब्ध; कात्तिक १०, २०७६ मा हेरिएको ।

अनलाइनखबर । २०७२ख । पूर्व जनजाति महासंघमा एक तिहाई जुटाउन पूर्व नेताहरूलाई पेम्बा भोटेका चुनौति । www.onlinekhabar.com/2015/09/330702 मा उपलब्ध; कात्तिक १०, २०७६ मा हेरिएको ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान । २०७५ । *आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा सम्पन्न कार्यक्रमहरूको सँगालो (आ.व. २०६१/०६२ देखि आ.व. २०७४/०७५)* । ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

आदिवासी जनजाति सभासद् सभा (ककस) । २०६८ । *नेपालको संविधानमा आदिवासी जनजाति अधिकारसम्बन्धी आदिवासी जनजाति सभासद्सभा (ककस) को अवधारणापत्र* । काठमाडौँ : आदिवासी जनजाति सभासद् सभा (ककस) ।

आले मगर, सुरेश । २०७७ । नेपाल आदिवासी जनजाति महासंघ : स्थापनाका क्षण । *आदिवासी प्रतिवाद : महासंघ, सरकार र आन्दोलन* । गोविन्द छन्त्याल र सुखवीर थामी, सं., पृ. ८–१९ । ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ ।

खनाल, गोपाल । २०७३ । *भूराजनीति* । काठमाडौँ : फिनिक्स बुक्स ।

गुरुङ, ओम । २०६७ । नेपालमा आदिवासी जनजाति आन्दोलनको इतिहास । *आदिवासी जनजाति* ३ : १३–२४ ।

गुरुङ, सन्त बहादुर र अरू । सन् १९९६ । प्रस्तावित राष्ट्रिय जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गर्ने सम्बन्धी प्रतिवेदन । स्थानीय विकास मन्त्रालयमा पेस गरिएको अप्रकाशित प्रतिवेदन ।

गुरुङ, हर्क । सन् २००४ । राष्ट्रियता र जनजाति । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ४१८–४४६ । ललितपुर : सोशल साइन्स वहाः ।

गुरुङ, हस्त र बाबुराम विश्वकर्मा । सन् २०१४ । पहिचान मैत्री लगानी । https://cijnepal.org.np/2014-06-07-08-29-29/ मा उपलब्ध; मंसिर २, २०७६ मा हेरिएको ।

घले-डोल्पो, टासी छिरिङ । २०७५ । आदिवासी जनजाति आन्दोलन र अल्पसंख्यक राजनीति । *प्रतिरोधको राजनीति : आदिवासी जनजाति र नेपाली राज्य* । गोविन्द छन्त्याल र टुंग भद्र राई, सं., पृ. १६२–१८७ । ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ ।

घर्ति मगर, झकेन्द्र। २०७५। नेपाल आदिवासी जनजाति पार्टीहरू गठन, प्रभावकारिता र भविष्य। *प्रतिरोधको राजनीति : आदिवासी जनजाति र नेपाली राज्य*। गोविन्द छन्त्याल र टुंग भद्र राई, सं., पृ. ८४–११९। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

चेम्जोङ, डम्बरध्वज। २०७५। नेपालको राजनीतिमा आदिवासीको मुक्ति र सांस्कृतिक समानताको सवाल। *प्रतिरोधको राजनीति : आदिवासी जनजाति र नेपाली राज्य*। गोविन्द छन्त्याल र टुंग भद्र राई, सं., पृ. ४२–५७। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

छार-म्हेन्दो। २०४९क। नेपाल जनजाति महासंघको प्रथम महाधिवेशन-२०४९ को काठमाडौँ घोषणा-पत्र। २ : ९–१०।

छार-म्हेन्दो। २०४९ख। नेपाल जनजाति महासंघको प्रथम महाधिवेशनद्वारा पारित प्रस्तावहरू। २ : ११।

तामाङ, परशुराम। २०६०। जनजातीय सवालबारे। *छापामा जातीय मुक्ति आन्दोलन*। बालकृष्ण काउछामगर, सं., पृ. ९५–१०२। काठमाडौँ : जनजाति मञ्च।

तामाङ, परशुराम। २०७७। 'नेपाल जनजाति महासंघ'मा दश वर्ष : संघर्ष र संगठनका अनुभूति। *आदिवासी प्रतिवाद : महासंघ, सरकार र आन्दोलन*। गोविन्द छन्त्याल र सुखवीर थामी, सं., पृ. ४६–८३। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

तामाङ, मुक्तसिंह। २०७५। नेपालको राजनीतिमा किनाराबाट उठ्दै आदिवासी जनजाति। *प्रतिरोधको राजनीति : आदिवासी जनजाति र नेपाली राज्य*। गोविन्द छन्त्याल र टुंग भद्र राई, सं., पृ. १८–४१। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

तामाङ, मुक्तसिंह। २०७७। अल्पसंख्यकहरूको सूची र 'आदिवासी जनजाति'को सरोकार। *आदिवासी प्रतिवाद : महासंघ, सरकार र आन्दोलन*। गोविन्द छन्त्याल र सुखवीर थामी, सं., पृ. १०६–१२०। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

दिक्पाल, राजकुमार। २०७६। *आदिवासी विद्रोहको इतिहास*। काठमाडौँ : मञ्जरी पब्लिकेशन।

नेपाल जनजाति महासंघ। २०४७। *नेपाल जनजाति महासंघको विधान २०४७*। काठमाडौँ : नेपाल जनजाति महासंघ।

पुन मगर, जेबी। २०६३। भद्र जनजाति आन्दोलन। http://nepalihimal.com/article/12770 मा उपलब्ध; जेठ ३२, २०७७ मा हेरिएको।

भट्टचन, कृष्ण। सन् २००४। नेपालका आदिवासी जनजाति आन्दोलनको समीक्षा : विश्व आदिवासी वर्षदेखि दशकको अन्तसम्म। *विश्व आदिवासी दिवस-२००४ विशेषाङ्क*। ओम गुरुङ, इन्द्र तामाङ र भक्त योञ्जन, सं., पृ. १८–२५। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

भट्टचन, कृष्णबहादुर । २०६० । नेपालमा जनजातीय आन्दोलन र त्यसको दिशा । *छापामा जातीय मुक्ति आन्दोलन* । बालकृष्ण काउछामगर, सं., पृ. ७१–७८ । काठमाडौँ : जनजाति मञ्च ।

माबुहाङ, बालकृष्ण । २०७७ । 'नेपाल जनजाति महासंघ'मा मेरो अनुभूति र अभिव्यक्ति । *आदिवासी प्रतिवाद : महासंघ, सरकार र आन्दोलन* । गोविन्द छन्त्याल र सुखवीर थामी, सं., पृ. ८४–१०३ । ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ ।

राई, कैलाश । सन् २००८ । आदिवासी जनजाति महिला आन्दोलन र जनजाति महासंघ । *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* १३(१) : १४७–१९९ ।

राई, कैलाश । २०७४ । *आदिवासी जनजाति महिलाका संगठन, आन्दोलन र लेखन* । ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, कैलाश । २०७६ । जनजातिका लुगाको लैंगिकता । *नेपाल* ३०(७) : ३९ ।

राई, रमेश । सन् २०१३ । *आदिवासी/जनजाति आन्दोलनमा 'राज्य संयन्त्र' को सन्दर्भ* । काठमाडौँ : एलायन्स फर सोसल डायलग ।

लावती, महेन्द्र । २०७० । मधेसी आन्दोलन किन चाँडै भयो ? मधेसी र आदिवासी जनजाति आन्दोलनको तुलनात्मक अध्ययन । *मधेस अध्ययन* ३ : ४३–७३ ।

विश्व बैंक र डिएफआईडी । सन् २००६ । *छोटा नागरिक बडा नागरिक : नेपालमा महिला, दलित र जनजातिको वञ्चितीकरण सारांश* । काठमाडौँ : विश्व बैंक र बेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) नेपाल ।

शाक्य, केशवमान । २०७७ । धर्मनिरपेक्षता आन्दोलन र जनजाति पहिचान प्राप्ति । *आदिवासी प्रतिवाद : महासंघ, सरकार र आन्दोलन* । गोविन्द छन्त्याल र सुखवीर थामी, सं., पृ. ३२–४५ । ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ ।

शेर्पा, लाक्पा । २०७१ । *नेपालका आदिवासी जनजाति आन्दोलनको ऐतिहासिक रूपरेखा* । काठमाडौँ : लेखक ।

सुन्दर, मल्ल के. । २०७४ । 'नेपाल जनजाति महासंघ' को उदय र अन्तरद्वन्द्व : एक टिप्पणी । विश्व आदिवासी दिवसको अवसरमा साउन २३, २०७४ मा नेपाल आदिवासी जनजाति महसंघद्वारा आयोजित "एसेस्मेन्ट अफ वान डिकेड अफ यूएनड्रिप एण्ड आईएलओ १६९ ऱ्याटिफिकेसन अफ नेपाल एण्ड हिष्ट्री, करेन्ट सिच्यूएसन, च्यालेन्जेज एण्ड वे फर्वार्ड अफ आइपीज मुभमेन्ट इन नेपाल" नामक सेमीनारमा प्रस्तुत अप्रकाशित कार्यपत्र ।

Dahal, Dilli Ram. 2001. Problems and Prospects of Relationship between Government Organizations and NGOs/INGOs in Nepal. In *NGO, Civil Society and Government in Nepal: Critical Examination of*

*Their Roles and Responsibilities*. Krishna B. Bhattachan, Dev Raj Dahal, Sheetal Rana, Jyoti Gyawali, Min Bahadur Basnet, Kashi Ram Bhusal, and Ram Raj Pokharel, eds., pp. 105–128. Kathmandu: Central Department of Sociology/Anthropology, Tribhuvan University.

ESP (Enabling State Programme). 2009. *Annual Report 2008*. Kathmandu: ESP.

Gellner, David N. 2009. Introduction: How Civil are 'Communal' and Ethno-nationalist Movements? In *Ethnic Activism and Civil Society in South Asia*. David N. Gellner, ed., pp. 1–24. New Delhi: Sage Publications.

Gellner, David and Mrigendra B. Karki. 2008. Democracy and Ethnic Organizations in Nepal. In *Local Democracy in South Asia: Microprocesses of Democratization in Nepal and its Neighbours*. David Gellner and Krishna Hachhethu, eds., pp. 105–127. New Delhi: Sage Publications.

Guneratne, Arjun. 2002. *Many Tongues, One People: The Making of Tharu Identity in Nepal*. Ithaca: Cornell University Press.

Hachhethu, Krishna. 2006. Civil Society and Political Participation. In *Nepal: Quest for Participatory Democracy*. Lok Raj Baral, ed., pp. 111–132. New Delhi: Adroit Publishers.

Hangen, Susan. 2007. *Creating a "New Nepal": The Ethnic Dimension*. Washington, DC: East-West Center.

Kharel, Sambriddhi, Deepak Thapa and Bandita Sijapati. 2016. Nepal: A Country of Minorities. In *South Asia State of Minorities Report 2016: Mapping the Terrain*, pp. 229–270. New Delhi: Books for Change an Imprint of Action Enterprise.

Lama-Tamang, Mukta S. 2009. Adivasi Janajati Exclusion: Status and Trend Update (June 2005–April 2009). An unpublished report.

NEFIN (Nepal Federation of Indigenous Nationalities). 2004. Classified Schedule of Indigenous Nationalities of Nepal prepared by the Janajati Classification Task Force and approved by the Federal Council of Nepal Federation of Indigenous Nationalities, 1 March.

Onta, Pratyoush. 2006. The Growth of the *Ādivāsī Janajāti* Movement in Nepal after 1990: The Non-Political Institutional Agents. *Studies in Nepali History and Society* 11(2): 303–354.

Onta, Pratyoush and Devraj Humagain. 2017. *Janajāti* Mazagines and the Contents of the Subaltern Counterpublic Sphere during the 1990s. *Political Change and Public Culture in Post-1990 Nepal*. Michael Hutt and Pratyoush Onta, eds., pp. 99–123. New Delhi: Cambridge University Press.

Oommen, T.K. 2004. State, Civil Society and Market in India: Graudal Autonomisation. In *Exploring Civil Society: Political and Cultural Contexts*. David Lewis, Hakan Seckinelgin, and Marlies Glasius, eds., pp. 107–127. New Delhi: Sage Publications.

Pfaff-Czarnecka, Joanna. 1999. Debating the State of the Nation: Ethnicization of Politics in Nepal: A Position Paper. In *Ethnic Futures: The State and Identity Politics in Asia*. Joanna Pfaff-Czarnecka, Darini Rajasingham-Senanayake, Ashis Nandy and Edmund Terence Gomez, eds., pp. 41–98. New Delhi: Sage Publications.

Sharma, Prayag Raj. 2012. *The State and Society in Nepal.* Kathmandu: Himal Books.

Subba, Bijay. 2010. A Report on Aadibasi Janajati Movement in Nepal. Unpublished report, National Foundation for Development of Indigenous Nationalities (NFDIN).

Subba, Chaitanya, Janak Rai and Sabitri Thapa Gurung. 2009. *Empowering Adivasi Janajati in Nepal: Experiences of Janajati Empowerment Project (JEP)*. Lalitpur: Nepal Federation of Indigenous Nationalities.

Tamang, Mukta S. 2004. Social and Political Geography of Janajati Movement in Nepal. Draft paper, Gender and Social Exclusion Assessment (GSEA) Research.

Tamang, Seira. 2002. Civilizing Civil Society: Donors and Democratic Space. *Studies in Nepali History and Society* 7(2): 309–353.